# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाली भाषाको 'शिक्षा' शब्द संस्कृत भाषाको 'शिक्ष' धातुबाट बनेको शब्द हो जसको अर्थ हुन्छ 'सिकाउनु' अङ्ग्रेजी भाषामा यसको पर्यायवाची शब्दका रूपमा इजुकेशन शब्द इ-ड्युको, इडुकेयर जस्ता शब्दबाट विकसित भएको मानिन्छ । अतः इ-ड्युको को अर्थ 'भित्रबाट बाहिरतर्फ प्रष्फुटन गर्नु' यसरी शिक्षा शब्दको अर्थ 'व्यक्तिभित्र रहेको अन्तर्निहित प्रतिभालाई प्रष्फुटन गराउन सहयोग गर्नु हो जुन मान्छेले चाहेर पनि अनुभव आर्जन गरिरहेकै हुन्छ । वर्तमान अवस्थामा शिक्षा मानव जीवनको एउटा अभिन्न अङ्ग बन्न पुगेको छ । शिक्षाले सबै तहका मानिसलाई अनुभव प्रदान गर्दै आएको पाइन्छ तर यसका लागि मानिसलाई पोषण, वातावरण, विषयवस्तु, समय, वैयक्तिक चाहना, तत्परता, भौतिक तथा शैक्षिक अवस्था आदिको आवश्यकता पर्दछ । उपर्युक्त धारणालाई आधार मान्दा शिक्षा गर्भधारणदेखि मुत्युसम्मको समयका लागि महत्त्वपूर्ण छ भन्ने कुराको पुष्टि हुन्छ । खास गरी जन्मपूर्वको समय बालकको पूर्वाधार विकासका लागि हुन्छ भने जन्मपश्चात्को समय वृद्धि पक्षको लागि महत्त्वपूर्ण हुन्छ । यस वेला उसको परिवारमा पाएको माया ममता स्नेह र समाजबाट पाएको सद्व्यवहार तथा साथीसँगको सम्पर्क अझ महत्त्वपूर्ण हुन्छ (शर्मा र शर्मा, २०६५) ।

कुनै पनि शैक्षिक संस्थाले आफ्नो लक्षित उद्देश्य पूरा गर्नका लागि आफूसँग भएको सीमित स्रोत साधनलाई इमान्दारी र विवेकपूर्ण तरिकाले परिचालन गर्नुपर्छ । यस्तो अवस्थामा मात्र शैक्षिक संस्थाहरूले आफ्नो लक्ष्य हासिल गर्न सक्छन् । शैक्षिक प्रशासन र अर्थको बीच नङ् र मासुको जस्तै सम्बन्ध रहेको हुन्छ । प्रशासन संयन्त्रले जति पनि काम गर्छ, त्यसमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा आर्थिक क्रियाकलापको संलग्नता रहेको हुन्छ ।

विद्यालयमा विभिन्न स्रोतबाट आम्दानी हुने र विभिन्न शीर्षकमा खर्च हुने गर्छ । ती आर्थिक कारोवारहरू वैज्ञानिक लेखा प्रणालीको सिद्धान्तमा आधारित भएर राख्नुपर्छ । विद्यालयले शैक्षिक लक्ष्यहरूको अलवा भौतिक र आर्थिक लक्ष्यहरू आद्यावधिक रूपमा किटान गरेको हुन्छ । यसरी संस्थाहरूले तय गरेका लक्ष्यअनुसार के कस्तो कार्यक्रमहरू सम्पन्न भए, उपलब्धि कति हासिल भयो भन्ने विषयमा आवधिक मूल्याकन हुन् जरुरी हुन्छ । विद्यालयहरूमा भएका त्यस्ता क्रियाकलापहरूको मूल्याङ्कन वित्तीय लेखापरीक्षण र सामाजिक परीक्षणको सहायताले गर्ने

गरिन्छ । वित्तीय लेखापरीक्षण अन्तर्गत एक आ.व.भित्र भएका आर्थिक कारोवारहरूको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता समेत विचार गरी रुजु गर्ने र परीक्षण गर्ने कार्य पर्दछ भने सामाजिक परीक्षण अन्तर्गत विद्यलयले एक शै.स.मा सामाजिक उत्तरदायित्वको क्षेत्रमा नियोजित लक्ष्य प्राप्त गर्नका लागि गरेका कार्यहरूको मूल्याङ्कन पर्दछ (खड्का, २०६२) ।

नेपालमा सरकारी स्रोत नै शिक्षा खर्चको प्रमुख स्रोतको रूपमा रही आएको भएता पनि सरकारले सबै नागरिकहरूलाई सबै किसिमको शिक्षा दिन सक्ने अवस्था छैन । स्थानीय स्तरमा पनि स्रोत जुटाउँदै शिक्षा प्रदान गर्ने नीति लिएमा शिक्षाप्रति आम अभिभावकहरूको चासो बढ्छ । केन्द्रतह निकायका अधिकार र निर्णय प्रक्रियाहरूलाई स्थानीय स्तरमा हस्तान्तरण गर्दै विद्यालय व्यवस्थापनमा स्थानीय अभिभावकहरूलाई सहभागी गराउंदै पहुँचमा वृद्धि गर्नु विकेन्द्रीकरण हो । विकेन्द्रीकरणबाट स्थानीय अभिभावकहरूको चासो वृद्धि भई शैक्षिक प्रक्रियाको गुणस्तर र व्यवस्थापनमा सुधार आउन सक्छ । समुदायलाई विद्यालय व्यवस्थापनमा सहभागी गराई विद्यालयको सम्पूर्ण गतिविधिका बारे खुल्ला वहस, छलफल र अन्तरक्रिया गराउन सकेमा विद्यालयको गतिविधि र क्रियाकलाप पनि पारदर्शी हुने र शिक्षामा समुदायको सहभागिता पनि वृद्धि गर्न सकिन्छ (खनाल र आचार्य, २०६३) ।

सामुदायिक विद्यालयको आम्दानी खर्च गर्ने, अभिलेख राख्ने र फछ्र्याउने जिम्मेवारी प्रधानाध्यापकलाई तोकिएको छ । जिल्ला शिक्षा कार्यालयद्वारा नियुक्त लेखापरीक्षकबाट विद्यालयको अन्तिम लेखापरीक्षण गराउने शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम १७१क मा व्यवस्था रहेको छ । उक्त तोकिएको लेखापरीक्षकले वित्तीय लेखापरीक्षण मात्र गर्दछ । वित्तीय लेखापरीक्षण पछि प्र.अ. आफ्नो दायित्वबाट कानुनी रूपमा मुक्त हुन्छ । उक्त व्यवस्थाले आर्थिक कारोबारमा पारदर्शिता र विश्वसनीयता देखिदैन । त्यसैले समुदायको विद्यालयप्रति उत्तरदायित्व  बढाउन सामाजिक परीक्षणको आवश्यकता पर्दछ ।  विद्यालयले स्थानीय समुदायका अभिभावकहरूको सहयोग लिएर भर्नादर बढाउने, उत्तीर्णदर बढाउने, सिकाइ उपलब्धिदर बढाउने, भौतिक सुविधाहरू बढाउने आदि विषयमा छलफल गरी लक्ष्यहरू निर्धारण गरेर प्रत्येक आर्थिक वर्षको अन्त्यमा ती लक्ष्यहरू कति हासिल भए, कति हासिल हुन सकेनन्, ती लक्ष्यहरू हासिल गर्न कुन कुन पक्षहरू बाधक भए, सोको समाधान कसरी गर्न सकिन्छ  ?

भन्ने विषयमा मूल्याङ्कन गर्ने परिपाटीको विकास भएमा मात्र विद्यालयप्रति समुदायले आफ्नो चासो देखाउँछ (खड्का, २०६२) ।

१८ औं शताब्दीमा औद्योगिक क्रान्ति पश्चात लेखापरीक्षणको विकास भएको पाइन्छ । औद्योगिक कम्पनीहरूमा लगानीकर्ताहरूले आफ्नो लगानी सुरक्षित गर्न थाले । त्यसैले व्यवस्थापकहरूद्वारा राखिएको हिसाब किताबको अतिरिक्त अन्य पक्षको जानकारी निष्पक्ष लेखापरीक्षणबाट  हुन्छ भन्ने कुरामा विश्वास गर्न थाले । जसले गर्दा हरेक संघ संस्थाहरूमा लेखापरीक्षण गर्ने कार्यको सुरुवात भएको पाइन्छ । लेखापरीक्षणले गणितीय सत्यता मात्र पत्ता नलगाई त्रुटि र छलकपटलाई पूर्ण रूपमा निरुत्साहित गर्ने, सम्पत्तिको सुरक्षा, लक्ष्य र नीति अनुरूप कार्यसम्पादन भएको छ छैन खोजी गर्ने, आर्थिक अवस्था कस्तो छ, वित्तीय अभिलेख नियमित रूपमा रखिएको छ छैन खोजी समेत गर्ने काम लेखापरीक्षणले गर्न थाल्यो । यसरी संस्थाभन्दा बाहिरका व्यक्तिबाट उद्देश्यअनुसार काम गरेको छ छैन यकिन गर्ने कार्य सबै संघ संस्थाहरूले सुरुवात गरेको पाइन्छ । नेपालमा पनि प्रामाणिक रूपमा लेखापरीक्षणको सुरुवात वि.सं. १८२८  बैसाख ६ गते कुमारी चोक अड्डाको स्थापनापछि भएको हो । राणाहरूको शासनकालमा पनि आर्थिक प्रशासनलाई सुदृढ बनाउन लेखापरीक्षण कार्यलाई जोड दिएको पाइन्छ । वि.सं. २०१५ सालमा नेपालको संविधानमा लेखापरीक्षणका लागि संवैधानिक अंगको रूपमा महालेखापरीक्षकको व्यवस्था गरियो । वि.सं. २०४६ सालमा जनआन्दोलन पछिको संविधान र लेखापरीक्षण ऐन २०४८ लागू भएपछि सरकारबाट हुने लेखापरीक्षणको क्षेत्रमा व्यापक परिवर्तन आएको छ (श्रेष्ठ, २०६४) ।

सामुदायिक विद्यालयमा हुने सामाजिक परीक्षण विकेन्द्रीकरणको सिद्धान्तमा आधारित परीक्षण हो । स्थानीय स्तरमा स्रोत साधनहरू के कस्ता छन् ?  स्थानीय स्तरमा विद्यालयले के कस्तो लक्ष्य उद्देश्यहरू निर्धारण गरेका छन्, विद्यालयले वर्षभरीमा के कस्ता उपलब्धि हासिल गऱ्यो ?  विद्यालय खुलेको र नखुलेको दिन, खुद पढाई भएको दिन, कुन कुन शिक्षकहरू वर्षभरिमा कति हाजिर भए ?  विदामा को को कति बसे ?  विना सूचना को को शिक्षक विदामा बसे ?  विद्यालयको भौतिक अवस्था भवन, कक्षाकोठा, खेलमैदान, पुस्तकालय, शौचालय, खानेपानीको वर्तमान अवस्था, वि.व्य.स. को बैठक वर्षभरीमा कतिपटक बस्यो, निर्णय प्रक्रिया, भर्नादर, सिकाइ उपलब्धि दर, लैङगिक संरचना र वार्षिक आम्दानी खर्चको

अवस्थालाई स्थानीय स्तरमा नै पत्ता लगाई सुधारका लागि आवश्यक पृष्ठपोषण समेत गरी विद्यालयको चौतर्फी विकासमा स्थानीय जनसहभागिता जुटाउन सामाजिक परीक्षणले मद्दत पुऱ्याउँछ (जि.शि.का. मोरङ, २०६५) ।

वि.सं.१८२५ मा पृथ्वीनारायण शाहले शिक्षालाई प्रोत्साहन दिँदै नेपाल एकीकरणको अभियानमा जोड दिए पनि उनी पछाडि राजनैतिक अस्थिरताले शिक्षातर्फ खास ध्यान पुऱ्याउँन सकेनन् । जङ्गवहादुरद्वारा वि.सं. १९१० मा स्थापित दरवार स्कुल नै औपचारिक शिक्षाको जग बन्न पुग्यो । राणाकालमा सीमित स्थानहरूमा विद्यालय खुले पनि तिनीहरूको व्यवस्थापन समुदाय स्वयम्ले गर्नु पर्दथ्यो । वि.सं. २००७ सालमा प्रजातन्त्रको उदय पछि देशको विभिन्न नाकामा तिब्रगतिमा विद्यालयहरू खुल्न थाले पनि व्यवस्थित हुन सकेन (पौडेल, २०५५) ।

२०२८ सालमा रा.शि.प.यो. लागू भएपछि शिक्षालाई सरकारीकरण गरियो । रा.शि.प.यो. को मुलभूत विशेषताहरूमा मुलुकभर एउटै पाठ्यक्रमको कार्यान्वयन, शिक्षकहरूको सेवा सुविधाको निश्चित व्यवस्था, शिक्षाको तहगत संरचना र छात्रवृत्तिको व्यवस्था प्रमुख रहेको थियो । यस योजनाले शिक्षक तलवको निम्ति विद्यालयलाई सरकारले अनुदान उपलब्ध गराउने र अन्य व्यवस्थापन नीजी स्रोतबाट जुटाउनु पर्ने व्यवस्था गरेको पाइन्छ (शर्मा, गोपिनाथ, २०२८) ।

सामुदायिक विद्यालयहरूमा भएका आर्थिक क्रियाकलापहरूको वित्तीय लेखापरीक्षण मात्र हुँदा अन्य शैक्षिक र भौतिक पक्ष खस्कँदै गएको अवस्थालाई मध्यनजर गरी हाल शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम १७१ क मा हरेक सामुदायिक विद्यालयले प्रत्येक वर्ष भाद्रमसान्तभित्र गत आ.व.को सामाजिक परीक्षण गरी सोको प्रतिवेदनलाई अभिभावक समक्ष अनिवार्य सार्वजनिक गर्नुपर्ने व्यवस्था छ (शिक्षा नियमावली, २०५९) ।

व्यवसायिक जगतबाट सामाजिक परीक्षण को सुरु भएको पाइन्छ । व्यवसायीको समाजप्रति उत्तरदायित्व भएकोले सन् १९५० मा हवार्ड आर वोवेनले सामाजिक लेखापरीक्षणको अवधारणा भित्र्याएका थिए । यसको प्रारम्भ व्यवसायिक जगतबाट भए पनि हाल गैरसरकारी र सरकारी सघं संस्थामा पनि यसको कार्यान्वयन गर्न थालिएको छ । खास गरी सामुदायिक उत्तरदायित्व बोकेका संघ सस्थाले यस्तो सामाजिक परीक्षण गर्दा सर्वसाधारणले सामाजिक संस्थाप्रति विश्वास गर्छन् र विभिन्न प्रकारको सहयोग प्रदान गर्छन् (खड्का, २०६२) ।

विकेन्द्रीकरणको सिद्धान्तअनुसार विद्यालयमा स्थानीय सरोकारवालाहरूको सहभागिता वृद्धि गराउन, विद्यालयमा गरिने आर्थिक कारोवारहरूको औचित्य दर्शाउन, स्थानीय सहयोग जुटाउन, शिक्षामा जुटेको रकमबाट पारदर्शि हिसाब किताव राख्न, लक्ष्यअनुसार कार्यक्रम संचालन र उपलब्धि हासिल भए नभएको मूल्याङ्कन गर्न, शैक्षिक संस्थाहरूमा जनविश्वास बढाउन, लागत लाभ विश्लेषण गर्न, समुदायलाई सजग र सतर्क गराउन सामाजिक परीक्षण आवश्यकता मात्र नभई कानुनी अनिवार्यताको रूपमा विकसित भएको छ । सामाजिक परीक्षण नगरिएमा विद्यालय निकासाका लागि अयोग्य हुने भएकोले सामाजिक परीक्षण विद्यालयका लागि कानुनी र व्यावहारिक रूपमा अनिवार्य भएको छ (शर्मा, २०५८) ।

सामुदायिक विद्यालयले समाजको आवश्यकताअनुसारको शिक्षा पूर्ति गर्नुको साथसाथै समाजको अपेक्षाअनुसार जनशक्ति उत्पादन गर्नुपर्छ । समाजको आवश्यकता विद्यालयले पूर्ति गर्न नसकेमा समाजको विश्वास प्राप्त गर्न सक्दैन । तसर्थ विद्यालयले समाजप्रतिको उत्तरदायित्व पूरा गर्नुपर्छ । समाजको सबैभन्दा विश्वसनीय अग्रणी संस्थाहरूको रूपमा विद्यालयलाई स्थापित गर्न विद्यालय व्यवस्थापकले सामाजिक परीक्षण गराउन अपरिहार्य छ । विद्यालयका प्र.अ., शिक्षकहरूलाई जिम्मेवार र कर्तव्यपरायण बनाउने कार्यमा समेत सामाजिक परीक्षणले मद्दत पुऱ्याउँछ । सामाजिक परीक्षणले विद्यालयको सबै पक्षको चौतर्फी विकासद्वारा विद्यार्थीको उच्च सिकाइ उपलब्धि सुनिश्चित गर्नुका साथसाथै विद्यालयको आन्तरिक कुशलता अभिवृद्धि गरी शैक्षिक क्षतिलाई न्यून गराउन र उच्चतम प्रतिफल हासिल गर्न मद्दत पुऱ्याउँछ । विद्यालयको सम्पूर्ण गतिविधि र क्रियाकलापको पारदर्शिताले अभिभावकहरूलाई विद्यालय व्यवस्थापनमा चासो वढाउँछ (खतिवडा, २०६६) ।

सामुदायिक विद्यालय मध्येका केही विद्यालयहरूमा आर्थिक, भौतिक, गतिविधि र क्रियाकलापहरूका अभिलेख व्यवस्थित रूपमा राखिनुका साथै अभिभावक सभामा सार्वजनिक गरिन्छ भने अधिकांश विद्यालयमा सरोकारवलाहरूको ज्ञान, सिप, दक्षता र दायित्वबोधका अभावका कारण त्यस्ता अभिलेखहरू सुव्यवस्थित ढंगबाट नराख्दा अभिभावक र समुदायबाट विद्यालय आलोचित छ । विद्यालयका शैक्षिक र आर्थिक क्रियाकलापहरू सन्तोषजनक पाउन सकिएको छैन । यसको नियन्त्रण र सामुदायिक सहभागिताका लागि सरकारी स्तरबाट

सामाजिक परीक्षणलाई अघि सारी कार्यान्वयन गर्न थालिए पनि यो पूर्णरूपमा प्रभावकारी बन्न सकेको देखिदैन (पौडेल, २०५५) ।

वि.सं.२०६३ देखि सामुदायिक विद्यालयहरूमा परीक्षण गर्ने कार्यको थालनी भएको छ । यसबाट विद्यालयको आर्थिक पारदर्शितामा के कस्तो प्रभाव पारिरहेको छ भनी खोज अनुसन्धान गर्न सकिन्छ । सरकारले आर्थिक दायित्व वहन गर्ने तर विद्यालयहरूमा सरोकारवालाहरूको पहुँच र जवाफदेहितामा वृद्धि गरी शिक्षालाई सर्वसुलभ र पारदर्शी बनाउने प्रयत्न स्वरूप सामुदायिक विद्यालयहरूले प्रत्येक वर्ष आफ्नो गतिविधिको सामाजिक परीक्षण गराउनु पर्ने व्यवस्था लागू भएको छ । सामाजिक परीक्षण विद्यालयको पारदर्शिता, सूचनाको पर्याप्त जानकारी र जवाफदेहीताको एक कसी हो । यसले सामुदाय र विद्यालय बीचको सम्बन्धलाई नजिक र घनिष्ट बनाउनुका साथै विद्यालयको प्रगति उन्नति र विकासमा उल्लेख्य भूमिका खेल्छ (शर्मा, २०६१) ।

यसरी सामुदायिक विद्यालयले आफूले गरेको वार्षिक गतिविधि सरोकारवाला समक्ष ल्याउने एउटा माध्यम सामाजिक परीक्षणलाई लिन सकिन्छ । अतः विद्यालय समुदाय सम्बन्धमा समाजिक परीक्षणबाट परेको प्रभावको अध्ययन गर्नु सान्दर्भिक हुने भएकाले यसलाई अध्ययनको क्षेत्र बनाइएको छु ।

## १.२ समस्याको कथन

वर्तमान अवस्थामा नेपालका सामुदायिक विद्यालयहरू सरकारी अनुदान र अभिभावकबाट प्राप्त चन्दाबाट संचालित रहेका छन् । वर्षेनी विद्यालयमा हुने गरेको आर्थिक आय-व्ययको लेखापरीक्षण गर्नु पर्ने व्यवस्था पनि गरिएको छ । यस्तो व्यवस्थाले विद्यालयहरूको आर्थिक गतिविधि पारदर्शी हुने गरेको पाइँदैन । विद्यालयको दैनिक प्रशासन सञ्चालन, रेखदेख र आय व्ययको विवरण राख्ने जिम्मेवारी पाएको प्रधानाध्यापकले आफू खुशी गर्ने गरेको आर्थिक क्रियाकलापले विद्यालयको भौतिक र आर्थिक उन्नति गर्न नसकेको, विद्यालयको आर्थिक अवस्थाको जानकारी विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक, अभिभावकसमेतलाई हुन नसकेको अवस्थामा सामाजिक परीक्षणको अवधारण अगाडि सारिएको हो ।

सामुदायिक विद्यालयको पारदर्शिताका लागि सामाजिक परीक्षणले के कस्तो प्रभाव पाऱ्यो ? सामाजिक परीक्षकको व्यवस्थापन कसरी हुदैं आएको छ ? त्यसले विद्यालय र समुदाय बीचको सम्बन्धमा के कस्ता सुधार ल्याएको छ ? जस्ता प्रश्नहरू उठिरहेको परिवेशमा यो विषयलाई समस्याको रूपमा प्रस्तुत गरी शोध अध्ययन गरिएको छ । शैक्षिक संस्थामा हुने यस खाले आय-व्यय विवरणको वास्तविक विवरण सरोकारवालाबाट जाँचवुझ गरी सरोकारवालाहरू समक्ष प्रस्तुत गरी विद्यालयको वास्तविक अवस्थाको जाकारी लिनु समुदायको पनि कर्तव्य हो । हाल समुदायमा विद्यालयप्रतिको धारणा सकारात्मक बनी नसकिरहेको कारणले गर्दा सामाजिक परीक्षण मार्फत सकारात्मक हुने सोच राखिएको छ । यसका लागि विश्वास लाई बढाउन सञ्चालनमा रहेको सामुदायिक विद्यालयको सामाजिक परीक्षणको अवस्था र यसले सामुदायमा पार्ने प्रभावको अवस्था पहिचान गर्न पनि विद्यालय समुदाय सम्वन्धमा सामाजिक परीक्षण शीर्षकलाई रोजिएको हो ।

## १.३ अध्ययनको औचित्य

सामुदायिक विद्यालयहरूको यथार्थ जानकारी सरोकारवालाहरू समक्ष नपुग्ने गरेको चर्चा सर्वत्र चलिरहेको वर्तमान अवस्थामा प्रस्तुत अध्ययनमा विद्यालयको सामाजिक परीक्षण मार्फत् विद्यालयको यथार्थ चित्रण सरोकारवाला समक्ष पुगे नपुगेको तथा यसको समुदायमा विद्यालय प्रतिको धारणामा परिवर्तन आउन सके नसकेको अनुसन्धान गरी प्राप्त जानकारीलाई विश्लेषण गरिएको हुदाँ यसबाट समुदाय, विद्यालय र सरोकारवालाबीचमा सुमधुर सम्बन्ध स्थापित हुने आशा गरिएको छ । समुदायिक विद्यालयका हरेक गतिविधिहरू पारदर्शी भई विद्यालयको यथार्थ जानकारी हासिल भएपछि सरोकारवालाहरूमा विद्यालयप्रतिको दायित्व वोध हुने र यसबाट विद्यालयको प्रगतिमा ठोस मद्दत पुग्ने समेत आशा गर्न सकिन्छ । त्यसैले सामाजिक परीक्षणमार्फत विद्यालयका प्र.अ.,वि.व्य.स. पदाधिकारी, अभिभावक संघ, शिक्षक समेतलाई मार्ग निर्देशको रूपमा यस अध्ययनले सहयोग पुचाउने आशा गर्न सकिन्छ । यसरी सामाजिक परीक्षण प्रणाली तथा सरोकारवालहरूको भूमिका सम्बन्धी नीति/नियम निर्माणकर्तालाई समेत यस अध्ययनले मार्ग चित्रको रूपमा सहयोग पुऱ्याउने विश्वास राखिएको छ ।

विद्यालयमा हुने आर्थिक गतिविधिका सन्दर्भमा प्रस्तुत अध्ययनले खोज गरी प्राप्त गरेको तथ्य तथ्याङ्कले सम्बन्धित निकाय, सरोकारवाला विद्यालय, अभिभावक, समेतका लागि यो अध्ययन महत्त्वपूर्ण रहने छ । साथै यस अनुसनधान विषयमा थप अनुसन्धान गर्नचाहने जो कोही अनुसन्धानकर्तालाई पनि यस अध्ययनले सामाजिक लेखापरीक्षण सम्बन्धमा महत्त्वपूर्ण सहयोग पुऱ्याउने छ । यस्तै यस अध्ययनले विद्यालयका व्यवस्थापक, प्रशासक सरोकारवालाहरू सबैलाई मद्दत गर्ने भएकाले पनि यो अध्ययनको औचित्व पुष्टि हुने छ । सामुदायिक विद्यालयमा कार्यरत शिक्षक, प्रशिक्षक, विषय शिक्षकको लागि यस अध्ययनले मार्गदर्शन गर्नेछ । साथै लेखक, अनुसन्धानकर्ता, विद्यार्थीका लागि अध्ययन अनुसन्धानमा सहयोग पुग्नेछ भने सामुदायिक विद्यालयसँग सम्बन्धित सम्पूर्ण सरोकारवालालाई विद्यालयले राखेको उद्देश्यलाई सफल पार्न सहज हुनेछ भन्ने आशा लिइएको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नानुसार छन् :

क) सामुदायिक विद्यालयमा सामाजिक परीक्षणको वर्तमान अवस्था पत्ता लगाउनु ।

ख) सामाजिक परीक्षणले विद्यालय र समुदायको सम्बन्ध विकासमा खेलेको भूमिकाको विश्लेषण गर्नु ।

ग) सामाजिक परीक्षणमा देखिएका समस्याहरू केलाउनु ।

घ) सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने उपायहरूको खोजी गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

निम्न लिखित अनुसन्धानात्मक प्रश्नमा केन्द्रित भई यो अध्ययनलाई पूरा गरिएको छ ।

क) सामाजिक परीक्षणले विद्यालय र सामुदायको सम्बन्ध विकासमा के कस्तो भूमिका खेलेको छ ?

ख) विद्यालयको सामाजिक परीक्षणको अवस्था कस्तो छ ?

ग) विद्यालय सामाजिक परीक्षणमा के कस्ता समस्याहरू आउँछन् ?

घ) ती समस्या समाधानका उपायहरू के के हुन सक्छन् ?

ङ) सामाजिक लेखापरीक्षण कसरी हुँदै अएको छ ?

च) सामुदायिक विद्यालयको सामाजिक परीक्षणले के कस्तो भूमिका निर्वाह गर्नु पर्दछ ?

छ) सामाजिक परीक्षणले विद्यालय र समुदायको सम्बन्ध स्थापित गर्न थप के के गर्नु पर्दछ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययलाई अध्ययनकर्ताको समय, साधन, स्रोत तथा आर्थिक अभावले कोशी अञ्चलको मोरंङ जिल्ला वाहुनी स्रोतकेन्द्र अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरूमा सीमित गरिएको छ । यसै गरी वाहुनी स्रोतकेन्द्र भित्र सञ्चालित २७ सामुदायिक विद्यालयहरू मध्ये भौगौलिक क्षेत्रगत र जातिगत हिसावले ६ वटा प्रा.वि/मा.वि./ उच्च मा.वि.मात्र यस अध्ययनको लागि छनौट गरिएको छ भने हरेक विद्यालयका प्राचार्य प्र.अ.,वि.व्य.स. शिक्षक-अभिभावक सङ्घ, शिक्षक, अभिभावक, विद्यार्थी समेतलाई यस अध्ययनमा सीमित गरिएको छ ।

## १.७ मुख्य शब्दावलीको परिभाषा :

| | |
|---|---|
| समिति : | समिति भनेको नियम १७१ क वमोजिम गठित सामाजिक परीक्षण समिति हो । |
| नियमावली : | नियमावली भनेको शिक्षा ऐन २०२८ वमोजिम तयार पारीएको शिक्षा नियमावली २०५९ हो । |
| सरोकारवाला : | सरोकारवाला भनेको विद्यालयका शिक्षक विद्यार्थी, अभिभावक तथा विद्यालयसँग सम्बन्धित व्यक्ति, समुदाय, निकाय सङ्घ संस्था हो । |
| विभाग : | विभाग भनेको नेपाल सरकार शिक्षा मन्त्रालय अन्तर्गत रहने शिक्षा विभाग हो । |
| मन्त्रालय : | मन्त्रालय भन्नाले नेपाल सरकार शिक्षा मन्त्रालय हो । |
| सामाजिक परीक्षण : | सामाजिक परीक्षण भनेको विद्यालयको सम्पूर्ण पक्षको गुणात्मक परीक्षण हो । |
| सामुदायिक विद्यालय : | सामुदायिक विद्यालय भनेको नेपाल सरकारबाट सालवसाल रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय बुझिन्छ । |

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

कुनै पनि शीर्षकमा तयार पारिएको शोध लेखन कुनै न कुनै सिद्धान्तमा आधारित रहेको हुन्छ । प्रस्तुत शोधकार्य विद्यालयको सामाजिक परीक्षणसँग सम्बन्धित रहने भएकाले स्वभाविक रूपमा यसको विषयवस्तुको क्षेत्र व्यापक र फराकिलो हुन्छ । त्यसैले यस शोधकार्यको सैद्धान्तिक आधार पनि व्यापक, विविध र आधुनिक मान्यतामा आधारित रहेको छ । ती व्यापक, विविध र विश्वव्यापी विषयलाई यस सीमित शोधकार्यमा उल्लेख गर्न सम्भव नभए तापनि सम्वन्धित विषयलाई व्याख्या र विश्लेषण गर्नको लागि केही सिद्धान्त र मान्यताहरूलाई आधार बनाइएको छ । यसको लागि केही स्थापित र सर्वमान्य सिद्धान्त शोधकार्य, लेख रचना, ऐन नियम र विभिन्न आवधिक प्रकाशनहरूलाई मागनिर्देशक स्रोतका रूपमा लिएर तिनीहरूको आवश्यक अनुसन्धानात्मक अध्ययन र समीक्षा गरी त्यसैको आधारमा प्रस्तुत शोधकार्य अगाडि बढाएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

आज विज्ञान र प्रविधिको विकास र विस्तारले हरेक अनुसन्धानलाई सरल र सहजको साथै चुनौतीपूर्ण बनाएको छ । नेपाल वि.सं. १९६६ पछि शिक्षाको विस्तार हुँदै अएको पाइन्छ । शिक्षाको विकासलाई नयाँ सोचका साथ समय सापेक्ष बनाउन शिक्षा सम्बन्धी थुप्रै आयोगहरूको गठन,विभिन्न सङ्घ संस्थाको संलग्नता र अध्ययन अनुसन्धान समेत भएको पाइन्छ तर विद्यालयलाई सामजिक पृष्ठभूमिको एक हिस्सा नठानी राज्यको कर्तव्य र कामको प्रकृति विकास भएको छ । यसै सन्दर्भमा सामाजिक परीक्षण र समुदायबीचको सम्बन्ध पहिचान गर्न अध्ययन गरिएको यस अनुसन्धानात्मक कार्यसँग सम्बन्धित भएका खोज तथा अनुसन्धानमुलक साहित्य, लेख रचना, कृति तथा ऐन कानुनको समेत पुनरावलोकन गरी यस अध्ययन कार्यलाई सम्पन्न गरिएको छ ।

लेखापरीक्षण ऐन (२०४८) ले उल्लेख गरे बमोजिम लेखापरीक्षकले कुनै पनि सरकारी संघ, संस्था र कार्यालयको नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेतको विचार गरी स्वीकृत विनियोजित रकमहरू सम्बन्धित शीर्षक अन्तर्गत खर्च भए नभएको, लेखा राख्दा

प्रचलित कानुनको अनुसरण गरे नगरेको, सरकारी सम्पतिको लागत दुरूपयोग र अध्यावधिक भए नभएको, नगदी, जिन्सी र अन्य सरकारी सम्पतिको हानी नोक्सानी वा दुरूपयोग आदि कुराको परीक्षण गर्नुपर्छ ।

वाग्ले र साथीहरू (२०५३) काअनुसार विद्यालय आफैले अफ्नो हरेक आर्थिक वर्षको बजेट तयार गर्नुपर्छ । प्रधानाध्यापकले बजेट तयार गर्दा विद्यालय रहेको समुदायका वुद्धिजीवी, विषेशज्ञ, शिक्षक र अभिभावकहरूलाई संलग्न गराई व्यापक छलफल र अन्तरक्रिया गराई कार्यान्वयन गर्नुपर्छ । प्रधानाध्यापकले विद्यालय आम्दानी खर्चको रीतपूर्वक बीलभर्पाई र आवश्यक कागजात सहित खर्च गरेको हरेक वर्ष जिल्ला शिक्षा कार्यालयले तोकेको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्छ । हरेक प्रधानाध्यापकले विद्यालयको वार्षिक बजेट बनाई विद्यालयको शैक्षिक उन्नयनमा खर्च गर्नुपर्छ । यसरी अभिभावकहरूको प्रत्यक्ष संलग्नतामा बजेट निर्माण गरी शैक्षिक उन्नयनमा खर्च गरी सो को सार्वजनिक गरेमा अभिभावकहरूको सहयोग विद्यालयहरूले सदैव प्राप्त गर्न सक्दछ ।

उ.रा.शि.आ.को प्रतिवेदन (२०५५) काअनुसार शिक्षामा लगानी मूलत : मानव संसाधनको विकासमा गरिने दीर्घकालीन लगानी भएकाले शिक्षामा राष्ट्रले गरेको खर्चलाई विकासको सूचकको रूपमा लिने गरिन्छ । निर्धारित शैक्षिक उद्देश्यहरू प्राप्तिका लागि आवश्यक आर्थिक स्रोतहरू प्रभावकारी रूपमा परिचालन र उपलब्ध भएका आर्थिक साधनहरू प्रभावकारी ढंगमा गरिने उपयोगबाट शिक्षामा लगानीको औचित्य पुष्टि हुन्छ । शिक्षामा राज्यस्तरबाट मात्र लगानी सम्भव छैन । स्थानीय स्तरमा नै लगानीका स्रोतहरू पहिचान गरी स्थानीय स्तरमा नै सोको परिचालन र अनुगमनका साथै सुपरिवेक्षणको दरिलो संयन्त्र निर्माण गर्न सकेमा मात्र शिक्षामा स्थानीय लगानीलाई वृद्धि गर्न सकिन्छ । विद्यालय प्रशासक र व्यवस्थापकहरूबाट आम्दानी खर्चको पारदर्शी अभिलेख नराख्नाले र सार्वजनिक नगर्नाले पनि शिक्षामा स्थानीय स्तरको लगानीको मात्रा घटेको छ । विकेन्दीकरणको नीति अनुसार शिक्षामा स्थानीय लगानीलाई वृद्धि गर्न स्थानीय नागरिक समाजलाई सक्षम र क्षमतावान बनाउनु पर्छ विद्यालय व्यवस्थापकहरूका कार्यशैलीमा परिवर्तन ल्याउनु पर्छ । सामुदायिक सहभागिता वृद्धि गर्न सक्दा मात्र शिक्षामा सामुदायिक लगानी बढी भन्दा बढी भित्रिन सक्ने पर्याप्त सम्भावनाहरू छन् (शिक्षा मन्त्रालय, २०५५) ।

शिक्षक जर्नल (२०६१) मा उल्लेख भएअनुसार विद्यालयको उन्नति र प्रगतिमा कुनै एउटा तत्त्वले मात्र भूमिका नखेलेर विभिन्न तत्त्वले असर पारेको हुन्छ । त्यस मध्ये सामाजिक परीक्षण पनि एक  हो । त्यसैले शैक्षिक वातावरणलाई असर गर्ने अन्य कारक तत्त्वहरूको अलावा सामाजिक परीक्षण र समुदायबीचको सम्बन्ध समुदायले विद्यालयलाई अर्को निकायको रूपमा लिनु, विद्यालयको गतिविधि पारदर्शी नहुनु, समुदायले विद्यालयको  आर्थिक कारोवारलाई नजिकबाट नियाल्न नपाउनु , विद्यालयले प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षवीच  मनमुटाव उत्पन्न हुनु, सरकारी नीति स्पष्ट नहुनु र माथिल्लो निकायबाट अनुगमन तथा सुपरिवेक्षण हुन नसक्नु कमजेरी हुन् ।

विकेन्द्रीकरणका प्रविधिहरू धेरै भए पनि स्थानीय शासन सशक्तिकरण विधिअनुसार बजेट तयार गर्ने, खर्च गर्ने, शैक्षिक विषयवस्तु (पाठ्यक्रम, विद्यार्थी मूल्याङ्कन) छनौट गर्ने अधिकार स्थानीय स्तरको निकायहरूलाई हस्तान्तरण गरिन्छ । त्यस्तै गरी विद्यालयमा आधारित व्यवस्थापन विधिले व्यवस्थापन तथा खर्चको अधिकार स्थानीय निकायलाई निरूपण गर्दा मात्र हुँदैन भन्ने कुरामा जोड दिन्छ । यस विधिअनुसार विद्यालय स्वायतता हुनुपर्छ । निर्णय गर्ने अधिकार शिक्षक, अभिभावक तथा समुदायका नेताहरूलाई हुनुपर्छ । प्राज्ञिक कार्यक्रमहरूको निर्धारण र कार्यान्वयनमा शिक्षक, प्र.अ., अभिभावक एवम्. समुदायको सक्रिय सहभागिता हुनुपर्छ । त्यस्तै अर्को समुदाय वित्तीय विधि पनि एक महत्त्वपूर्ण विधि हो । यस विधिअनुसार विद्यालय लागत साझेदारी वित्तीय प्रणालीका आधारमा संचालन हुन्छन् । यस विधिअनुसार शिक्षकको तलब भत्ता सरकारी र पुँजीगत खर्च समुदायबाट बेहोरिन्छ । दक्षिण एशियाका देशहरूमा शैक्षिक विकेन्द्रीकरण भएको तर वित्तीय विकेन्द्रीकरण भने भएको छैन । त्यसकारण कार्यक्रम मात्र विकेन्द्रीकरण नभई वित्तीय कार्यक्रमलाई पनि विकेन्द्रित गर्नु आवश्यक देखिन्छ (वाग्ले २०६२) ।

दाहाल (२०६३) काअनुसार सरकारी निकायहरूमा हुने परीक्षण वित्तीय र कार्यमूलक गरी २ किसिमका हुने र सो मध्ये नेपालका शैक्षिक निकायहरूमा दुवै किसिमका परीक्षण गर्नुपर्ने प्रावधान राखिनुपर्ने  कुरामा जोड दिएका छन् । उनले परीक्षण गर्दा मुख्य गरी हिनामिना र फस्यौंट, हानी नोक्सानी पारेको र अन्य असुल गर्नुपर्ने अनियमित भएको प्रमाण कागजात पेश नभएको जिम्मेवारी नसारेको, शोधभर्ना नलिएको जस्ता विषयलाई मुख्य आधार

बनाइनुपर्ने तर्क अगाडि सारेका छन् । यसैगरी उनको आर्थिक अनुशासन पालनको प्रमुख जिम्मेवारी कारोवार गर्ने जिम्मेवार पदाधिकारीको हो भन्दै आन्तरिक परीक्षण पछाडि मात्र बाह्य तथा अन्तिम परीक्षण गराउनु पर्ने तर्क पेश गरेका छन् ।

सामुदायिक विद्यालयका साामाजिक परीक्षण गर्ने गराउने निर्देशिका विद्यालयहरूको सामाजिक परीक्षण निर्देशिका (२०६५) काअनुसार प्रत्येक सामुदायिक विद्यालयहरूको प्रत्येक वर्ष सामाजिक परीक्षण अनिवार्य रूपमा गर्नुपर्छ । प्रत्येक आ.व.को अघिल्लो वर्षमा सामाजिक परीक्षण प्रतिवेदनले सुझाव गरेको कुराहरू के कति कार्यान्वयन भए वा भएनन्, विद्यालयको समग्र भौतिक, शैक्षिक र आर्थिक अवस्था, छात्र-छात्रा अनुपात, विद्यार्थी शिक्षक अनुपात, शिक्षक उपस्थिति आदि सूचकहरूका आधारमा सामाजिक परीक्षण गरिन्छ । सामाजिक परीक्षण प्रत्येक आ.व.को भाद्र मसान्तभित्र सम्पन्न गरी अभिभावक भेलामा सार्वजनिक गर्नुपर्दछ, । असोज १५ गते भित्र सम्बन्धित विद्यालय निरीक्षक वा स्रोतव्यक्तिलाई उक्त प्रतिवेदन बुझाउनु पर्छ । विद्यालय निरीक्षक वा स्रोतव्यक्तिले आफूकहाँ प्राप्त भएको सामाजिक परीक्षण प्रतिवेदन कार्तिक १५ गते भित्र जिल्ला शिक्षा कार्यालयमा पेश गर्नुपर्छ । जिल्ला शिक्षा कार्यालयले जिल्लाभरिका सबै विद्यालयको सामाजिक परीक्षणको अभिलेखराखी पौष मसान्तभित्र क्षेत्रीय शिक्षा निर्देशनालयमा र विभागमा पठाउनु पर्दछ । अन्तमा शिक्षा विभागले विद्यालयहरूको वास्तविक स्थिति झल्कने गरी सामाजिक परीक्षण सम्बन्धी अन्तिम प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्दछ । सामाजिक परीक्षण अहिले सबै सामुदायिक विद्यालयहरूमा  कानुनमा व्यवस्था गरी अनिर्वाय गरिएको छ र सामाजिक परीक्षण गर्न शिक्षक अभिभावक संघको अध्यक्षको संयोजकत्वमा अभिभावक मध्ये कम्तिमा एक जना महिला पर्ने गरी दुई जना, सम्बन्धित वाडाको वडा अध्यक्ष एक जना शिक्षक अभिभावक संघले तोकेको वुद्धिजीवी मध्ये एक जना र प्रधानाध्यापकले सदस्य सचिवको रूपमा तोकेको एकजना शिक्षक, विद्यायको उच्चतम कक्षामा अध्ययनरत प्रथम छात्र वा छात्रा गरी ७ जनाको सामाजिक परीक्षण समिति रहने कानुनी व्यवस्था गरेको छ ।

तिमिल्सिना, बलराम (२०६१) ले तयार पार्नु भएको विद्यालय व्यवस्थापनमा सामुदायिक सहभागिता, आवश्यकता र चुनौतीबाट पनि प्रष्ट हुन जान्छ कि विद्यालय सामाजिक अस्तित्त्व भएको संस्था हो जसले समुदायको आवश्यकता पूरा गर्दछ । समुदायका अभिभावकहरू

विद्यालयका सरोकारवालाहरू हुन् । विद्यालयमा योजना निर्माण, व्यवस्थापन र अनुगमन सुपरीवेक्षणका लागि समुदायको सहभागिता अति आवश्यक छ । सामुदायिक सहभागिताबाट मात्र विद्यालयले निर्धारित उपलब्धि हासिल गर्न सक्छ । राजनैतिक हस्तक्षेप नहुने हो भने निर्वाचन प्रणालीबाट बन्ने विद्यालय व्यवस्थापन  समितिमा समुदायका ख्यातिप्राप्त, अनुभवी, दक्ष र क्षमतावान व्यक्तिहरू निर्वाचित भई विद्यालयलाई समुदायको चाहनाअनुसार क्रियाशील बनाउन सकिन्छ । अहिले विश्वका धेरै मुलुकहरूमा विभिन्न किसिमका समस्या र चुनौतीको वावजुद विद्यालयमा स्थानीय समुदायको संलग्नता बढाउन खोजेको देखिन्छ । विद्यालयमा स्थानीय सरोकारवालाहरूको सहभागिताले स्थानीय पाठ्यक्रम निर्माण, विद्यालय योजना निर्माण, व्यवस्थापकीय निर्णय, नियन्त्रण प्रणालीमा चासो वृद्धि हुन्छ जसले गर्दा शैक्षिक प्रणाली र शैक्षिक गुणस्तरमा सुधार ल्याउन सकिन्छ । निर्णयमा सामुदायिक स्वायत्तता, प्र.अ.लाई अधिकार सम्पन्न बनाउने हो भने विद्यालय शिक्षा प्रणालीमा केही न केही परिवर्तन र सुधार ल्याउन सकिन्छ , विद्यालयप्रति सामूहिक यत्तरदायित्व वहन गर्न, सामूहिक निर्णय गर्न, स्थानीय अभिभावकहरूको विद्यालय व्यवस्थापनमा पहुँच वृद्धि गर्न अभिभावकहरूलाई सशक्तिकृत गर्न, शिक्षण संस्थाहरूलाई प्रतिस्पर्धी बनाउन, स्वामित्वभावको विकास गर्न, शिक्षाको गुणस्तर अभिवृद्धि गर्न, विद्यार्थी उपलब्धिमा सुधार गर्न साथै विद्यालय समुदाय सम्वन्ध बढाउन अभिभावकको संलग्नता अति आवश्यक पक्ष हो । सामुदायिक सहभागिताका लागि समुदायका सबै वर्ग, जात, जाति, धर्म संस्कृतिका व्यक्तिहरूलाई संलग्न गराउन नसक्नु, ऐन नियमहरूको प्रभावकारी कार्यान्वयन नहुनु, अनुगमन र सुपरीवेक्षण प्रभावकारी नहुनु, दण्ड र पुरस्कारको व्यवस्था नहुनु, व्यवस्थापकीय पारदर्शिता नहुनु नै विद्यमान समस्या र चुनौतीहरू हुन् (अधिकारी र अन्य, २०६५) ।

यसरी सामुदायिक विद्यालयहरूले आर्थिक  लगायत सम्पूर्ण गतिविधिको व्यस्थित अभिलेख राख्न र आर्थिक कारोवारमा पारदर्शिता अवलम्बन गर्न सकेको खण्डमा विद्यालय व्यपस्थापनमा अभिभावकहरूको संलग्नतामा वृद्धि भई शैक्षिक गुणस्तरमा अभिवृद्धि भई विद्यालय समुदायको सम्वन्ध सुधार हुन जान्छ । तर विद्यालयहरूमा आर्थिक पारदर्शिता नहुने गरेको गुनासो वर्तमान अवस्थामा व्यापक रूपमा  रहेको पाइन्छ  ।

## २.२ सैद्धान्तिक खाका

अध्ययनको सैद्धान्तिक खाकाको रूपमा विकेन्द्रीकरणको सिद्धान्तलाई उपयोग गरिएको छ । सिद्धान्तको निर्माण गर्न वैज्ञानिक तथा आधुनिक पद्धतिको अनुसरण गर्नुपर्छ । सिद्धान्तबाट निश्चित, निर्धारित नियमहरू निर्माण हुन्छ । सिद्धान्त मानवीय कल्पनाको स्रोत हो जसलाई तार्किक रूपले अनुभवका आधारमा केही नीति नियमहरूको पालना गरी निमार्ण गरिएको हुन्छ । त्यसैले यी दुवै सिद्धान्तलाई सामाजिक परीक्षणसँग अन्तरसम्बन्धित गराई अनुसन्धानात्मक कार्यलाई सम्पन्न गरिएको छ । मूलत : यो अध्ययन कार्य सामुदायिक विद्यालयको सामाजिक परीक्षणसँग सम्बन्धित भएकाले कार्यको बाँडफाँड र विकेन्द्रित शासन प्रणालीले समुदायसँग त्यसको अन्तर्सम्बन्ध पहिचान गर्न मद्दत पुग्ने हुनाले पनि यी सिद्धान्तहरूलाई यहाँ सैद्धान्तिक खाकाको रूपमा छनौट गरिएको छ । यसै गरी यी सिद्धान्तले सरोकारवालासँग राम्रो सम्बन्ध निर्माण गर्ने कार्यको पारदर्शिता, उत्तदायित्ववोध, जिम्मेवारीको गहनतासँगको व्यवहारले बोध गर्ने हुनाले पनि यी दुबै सिद्धान्तलाई यहाँ उल्लेख गर्नु बढी सान्दर्भिक तथा महत्त्वपूर्ण देखिएको छ ।

पौल (१९९३७ को विकेन्द्रीकरणको सिद्धान्तमा शैक्षिक योजनाको निर्माणदेखि स्थानीय स्रोत साधनको परिचालनसम्मका सम्पूर्ण व्यवस्थापकीय जिम्मेवारी समुदायलाई सुम्पिदा शैक्षिक सहभागिता र गुणस्तर अभिवृद्धि हुन गई विद्यालयमा प्रशासन, शिक्षक, व्यवस्थापन पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण, नीजी तथा गैरसरकारी क्षेत्रको साझेदारीजस्ता क्षेत्रमा उल्लेख्य सहयोग पुग्दछ । तर यो क्षेत्रमा देखिएको कानुनी अड्चन, वाधा,स्थानीय निकायको सक्षमताको अभाव, राजनैतिक प्रतिवद्धताको अभाव, कर्तव्यनिष्ठ नहुने, उत्तरदायित्वकोबोध नभएको जस्ता समस्याले शैक्षिक विकेन्द्रीकरणले कार्य गर्न नसक्ने तर्क समेत पाइन्छ (कोइराला, २०६२ बाट उद्धृत) ।

यसरी विद्यालयको आर्थिक व्यवस्थापनलाई प्रभावकारी बनाउन विद्यालयका सरोकारवालाहरू प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, समुदायका अभिभावकहरू बीच एक आपसमा स्पष्ट कार्य विभाजन, आपसी सहयोग, मानविय सम्बन्ध, सञ्चार, समन्वयन, उत्प्रेरणा, सहभागिता हुन अति आवश्यक हुन्छ । शैक्षिक गुणस्तर विकास गर्नका लागि प्राविधिक पक्षलाई मात्र ध्यान नदिई सामाजिक पक्षलाई पनि ध्यान दिन आवश्यक

हुन्छ । जवसम्म केन्दका पदाधिकारीहरूद्वारा तल्लो तहमा वरावर स्थलगत निरीक्षण गरिदैन र तल्लो तहलाई आर्थिक पारदर्शिताका लागि सक्षम बनाइदैन, तब सम्म विद्यालयको आर्थिक अवस्था उकास्न सकिन्न । कामदारहरूलाई मात्र दोष दिने र आफू उम्कने परिपाटी नत्यागे सम्म विद्यालयको आर्थिक व्यवस्थापन राम्रो र गुणस्तरीय संभव हुदैन । उल्लेखित पक्षहरूलाई ध्यान दिन सके मात्र आर्थिक पारदर्शिता र विद्यालय सरोकारवाला बीच आपसी सम्बन्ध बलियो हुन सक्छ ।

## २.३ पुनरावलोकनको उपादेयता

प्रस्तुत साहित्यको अध्ययन बाट यस शोधकार्यलाई सफल बनाउन दिशा निर्देश भएको छ । अध्ययनका लागि समेटिएका विषयवस्तुलाई आवश्यक पर्ने गौण सूचनाहरू यसबाट प्राप्त भएका छन् । साहित्यहरूले सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षणका समस्याहरू के के छन् ? आर्थिक पारदर्शितामा सामाजिक परीक्षणले कस्तो प्रभाव पारेको छ त्यसको पहिचान गर्न, प्रभावकारीताको जाँच गर्न, सामाधानका उपायहरूको खोजी गर्न मद्धत पुऱ्याएको छ । प्रस्तुत शोधपत्रबाट सामाजिक परीक्षणले प्रधानाध्यापकलाई लेखा राख्न तालिम, कार्यको विभाजन, विकेन्द्रीकरणको नीति, विद्यालय र सरोकारवाला बीच आपसी संम्बन्ध सहयोग, संचार, पारदर्शिता आदि हुनु पर्ने कुरामा जोड दिएको छ । विद्यालयको हरेक गतिविधि पारदर्शिताको अभावमा विद्यालय प्रति आम अभिभावकको चासो आभिवृद्धि गर्न सकिदैन जसबाट विद्यालयको शैक्षिक लगानी खेर जानुका साथसाथै शैक्षिक गुणस्तरमा पनि वृद्धि नहुने कुरा प्रस्तुत साहित्यबाट प्रस्ट वुझ्न सकिन्छ । विद्यालय समुदाय सम्बन्धमा सामाजिक परीक्षण भन्ने अध्ययनले विषयसँग सम्बन्धित खोज र त्यसको अध्ययनसँग सम्बन्धित भई सामुदायिक विद्यालयका सामाजिक परीक्षणले समुदायमा पारेको प्रभावका सम्बन्धमा भए गरेको कार्य सम्बन्धी जानकारी प्राप्त गर्ने काम सम्बन्धित साहित्यको पुनरावलोकनबाट प्राप्त हुन गएको छ । यस अध्ययन कार्य को प्रभावकारिता र कार्यन्वयनका लागि योजना तयार गर्न व्यवस्थापन गर्न र कार्यन्वयका विविध पक्षलाई दिशानिर्देश गर्ने कामका लागि स्पष्ट रूपमा मार्ग प्रदान गरी खोजीका कार्यलाई अगाडि बढाउन यस पुनरावलोकनले मार्ग प्रशस्त गरेको छ । यसबाट हालसम्म भएका खोज कार्य र त्यसले सम्वन्धित क्षेत्रमा पारेको प्रभाव थाहा पाउन र बाँकी

रहेका खोजीका विषयहरू पनि पहिचान गर्नका लागि सम्बन्धित साहित्यको महत्त्वपूर्ण स्थान रहेको छ । यसै गरी सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाकाले यस अध्ययनलाई सहजबनाउन सहयोग पुऱ्याएको छ । यसैगरी निश्चित सैद्धान्तिक ढाँचा निर्माण गर्न साथै शीर्षकसम्वन्धी चौतर्फी आवश्यकता र समस्याको खोजी गर्न समेत यसले भरपुर सहयोग गरेको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

यस अध्याय भित्र निम्न वुंदाहरूलाई समावेश गरी अध्ययन कार्य अगाडि बढाइएको छ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

यस अनुसन्धानमा प्रस्तुत उद्देश्यहरू परिपूर्ति गर्ने लक्ष्य सहित सीमित स्रोत र साधनको सीमाभित्र रही परिणामात्मक र गुणात्मक ढाँचा प्रयोग गरी व्याख्या र विश्लेषण गरिएको छ ।

## ३.२. जनसङ्ख्या

यस अध्ययन कार्यलाई पूरा गर्नका लागि मोरंङ जिल्ला वाहुनी स्रोतकेन्द्र अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरू, उक्त विद्यालयमा कार्यरत प्रधानाध्यापक, शिक्षक, अध्ययनरत विद्यार्थी, व्यवस्थापन समितिका पदाधिकारी, अभिभावक, शिक्षक अभिभावक सङ्घका पदाधिकारी समेतलाई यस अनुसन्धानको जनसङ्ख्याको रूपमा लिईएको छ ।

## ३.३ नमुनाको छनोट

यस अध्ययनको जनसंख्याबाट वाहुनी स्रोतकेन्द्र अन्तरगतका ६ वटा प्रा.वि./मा.वि./उच्च मा.वि., का ६ जना प्र.अ., ६ जना विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, ६ जना शिक्षक, ६ जना शिक्षक अभिभावक संघ अध्यक्ष, ६ जना अभिभावक र ६ जना विद्यार्थी गरी जम्मा ३६ जना नमुना आकारको रूपमा छनोट गरिएको छ।

अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्न नमुना जनसङ्ख्याबाट नमुना आकारको छनोट गर्दा विद्यालयका शिक्षक, अभिभावक, तथा विद्यार्थीलाई चिठ्ठा प्रणालीबाट र प्र.अ., वि.व्य.स. अध्यक्ष, शिक्षक अभिभावक सङ्घ, अध्यक्षलाई स्वतः छनोट गरिएको छ।

अध्ययनको उद्देश्य प्राप्ति गर्नको लागि अनुसन्धानकर्ताको सीमित, साधन स्रोत र समयको बीचमा यो अध्ययन पूरा गरिने भएकोले नमुनाको छनोट गर्दा भौगोलीक परिवेश यातायातको सुगमता, कार्यक्षेत्र स्थल, जातीयता, भाषिक, तथ्याङ्क प्राप्तिको विश्वसनीयता र वैधता समेतलाई आधार बनाइएको छ भने अध्ययनकर्ताको आर्थिक, श्रम, समयलाई समेत अनुकूल बनाई नमुनाको आकार छनोट गरिएको छ।

## ३.४ अनुसन्धानका साधन

यस अध्ययनमा नमुनामा परेका विद्यालयहरूमा प्र.अ., वि.व्य.स. पदाधिकारी, शिक्षक, अभिभावक, विद्यार्थीका लागि निम्नानुसारका अनुसन्धानका साधनहरूको प्रयोग गरिएको छ ।

क) प्रश्नावली

उद्देश्य अनुसारका तथ्याङ्कहरू प्राप्त गर्नको लागि वाहुनी स्रोत केन्द्र अर्न्तगतका प्र.अ., वि.व्य.स. अध्यक्ष र शिक्षक अभिभावक सङ्घका अध्यक्षका लागि प्रश्नावली तयार गरिएको छ । जसलाई अनुसूची २ मा राखिएको छ ।

ख) छलफल निर्देशिका

आवश्यक तथ्याङ्क, प्रश्नावलीको माध्यमबाट छुट्न गएमा अनेकानेक सवालहरूलाई समेट्न स्रोतकेन्द्र अन्तर्गतका अन्य केही प्र.अ., शिक्षक, अभिभावक,तथा विद्यार्थीसँग स्थलगत छलफल गरिएको छ । छलफलको क्रममा प्राप्त सूचनालाई डायरी टिपोट गरिएको छ । जसलाई अनुसूची ५ मा राखिएको छ ।

ग) दस्तावेजको अध्ययन

अध्ययनमा नमुना छनोटमा परेका विद्यालयहरूमा रहेका विगतका सामाजिक परीक्षणका प्रतिवेदनहरू तथा विभिन्न अभिलेखहरूको अध्ययन गरी प्राप्त तथ्याङ्कलाई गुणात्मक एवम् परिमाणात्मक विश्लेषण गरिएको छ । शोध निर्देशिका, सहपाठी सीप, पूर्व शोधकर्तासँग छलफल गरी साधनको वैधता कायम गरिएको छ ।

## ३.५ तथ्याङ्कका स्रोतहरू

अध्ययनको क्रममा छनोट गरिएका विद्यालयहरूबाट तथ्याङ्क सङ्कलन गर्दा प्राथमिक र द्वितीय दुवै खाले स्रोतबाट सङ्कलन गरिएको छ ।

क) प्राथमिक स्रोत

अध्ययनको प्राथामिक स्रोतका तथ्याङ्क अन्तरगत क्षेत्रगत सर्वेक्षण, प्रश्नावली तथा छलफल माध्यमबाट सङ्कलन गरिएको छ । शोधकर्ता स्वयम्को संलग्नतामा प्र.अ., वि.व्य.स. अध्यक्ष, शिक्षक अभिभावक सङ्घका अध्यक्ष, शिक्षकका लागि छुट्टा-छुट्टै प्रश्नावली भराई तथ्याङ्क सङ्कलन गरिएको छ । त्यसका साथै विद्यार्थी र अभिभावकहरूलाई छलफलमा संलग्न गराई तथ्याङ्क संकलन गरिएको छ ।

ख) द्वितीय स्रोत

यस अध्ययनको छनोटमा परेका विद्यालयहरूका विगतका सामाजिक परीक्षण प्रतिवेदनहरू, अन्य विभिन्न पुस्तकहरू, पत्रपत्रिका, बुलेटिन र स्रोतकेन्द्रबाट प्राप्त विद्यालय रेकर्डलाई द्वितीय स्रोतका रूपमा उपयोग गरिएको छ र अन्य दस्तावेज अध्ययन गरिएको छ ।

## ३.६ तथ्याङ्क सङ्कलन विधि

तथ्याङ्क संकलन गर्नका लागि प्रत्यक्ष रूपमा आफै उपस्थित भएर, प्रश्नावली बाँडेर, विभिन्न प्रश्नहरूको उत्तर भर्न लगाएर, उनीहरूसँग प्रत्यक्ष छलफल गराएर तथा पहिले देखि नै तयार गरेका महत्त्वपूर्ण अभिलेखहरू अध्ययन गरेर तथ्याङ्क संलकन प्रक्रियालाई पूरा गरिएको छ ।

## ३.७ तथ्याङ्क विश्लेषण विधि

यसमा सङ्कलन गरिएका तथ्याङ्कहरू अवस्था तथा प्रस्तावनामा निर्माण गरिएका उद्देश्यका आधारमा आवश्यक मात्रामा उपर्युक्त शीर्षकको चयन गरी प्राप्त तथ्याङ्कलाई क्रमशः तालिकीकरण, प्रस्तुतीकरण र प्रतिशतको आधारमा व्याख्या र विश्लेषण गरी समस्या समाधान गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको व्याख्या र विश्लेषण

यस अनुसन्धानमा संकलन गरिएका तथ्याङ्लाई गुणात्मक र परिमाणात्मक दुबै ढाँचामा प्रस्तुत गरी तिनीहरूको व्याख्या तथा विश्लेषण गर्ने कार्य गरिएको छ। तथ्याङ्कलाई स्पष्ट बनाउन विभिन्न शीर्षकमा विभाजन गरिएको छ। प्राथमिक तथा द्वितीय दुबै प्रकारका स्रोतहरूबाट तथ्याङ्कलाई समेटी उपयुक्त खाका र साहित्यिक आधारमा त्यसलाई व्याख्या तथा विश्लेषण गर्ने कार्य अनुसन्धानको यस परिच्छेदमा गरिएको छ। प्राप्त तथ्याङ्कलाई प्रस्तुतिकरणका लागि अन्तिम रूप दिएर त्यसलाई विभिन्न गुण, विशेषता तथा उदाहरणहरू जस्तै सामाजिक परीक्षण समिति बनेको छ/छैन, प्रतिवेदन तयार गरे/नगरेर, सामाजिक परिक्षण समितीमा विद्यालयको कुनकुन पक्षमा परीक्षण गराएको सामाजिक परीक्षणको जानकारी सरोकारवाला सबैलाई दिने गरेको/नगरेको, सामाजिक परीक्षणका लागि तालिम, गोष्ठी तथा प्रशिक्षणको अवस्था सामाजिक परीक्षण हुने गरेका पटक तथा सामाजिक परीक्षणका सम्बन्धमा प्र.अ. शिक्षक वि.व्य.स. सदस्य अध्यक्ष, शिक्षक, अभिभावक संघ सदस्य, सामाजिक परीक्षण प्रति अभिभावकको दृष्टिकोण र सामाजिक परीक्षणमा देखिएका कमी, कमजोरी समस्याहरू तथा समाधानका उपायहरू समेतलाई वर्गीकरण, तालिकीकरण र विश्लेषण गरी निष्कर्ष निकालिएको छ।

## ४.१ सामाजिक परीक्षणको वर्तमान अवस्था

विद्यालय समुदाय परिवर्तनको सम्बाहक हो। विद्यालय समुदायमा रहेको हुन्छ। विद्यालयको आर्थिक, भौतिक, शैक्षिक तथा अन्य गतिविधिहरूमा समुदायको प्रत्यक्ष सम्बन्ध रहनु पर्छ। विद्यालयमा के पाउनुपर्छ साथै विद्यालयमा के गर्ने र कसरी गर्ने भन्ने विषयमा समेत अभिभावकहरूको छलफल र उपस्थिति अनिवार्य रहनुपर्दछ। योजना तर्जुमा, कार्यान्वयन र उपलब्धि मूल्याङ्कनका चरणमा सरोकारवालाहरूलाई संलग्न गराई छलफल चलाउनु, मूल्याङ्कन गर्नु, लेखाजोखा गर्नु सुझावहरू प्राप्त गरी त्यसलाई कार्यान्वयन गर्नु प्रधानाध्यापकहरूले समय सापेक्ष आफ्ना शैलीहरू परिवर्तन गर्दै जानु, सूचना र संचार पारदर्शी बनाउनु, शैक्षिक उत्पादकत्व प्राविधिक पक्ष मात्र होइन सामाजिक पक्ष पनि हो भन्ने भावनाको

विकास गर्नु, विद्यालय संचालन सम्बन्धी योजना निर्माण गर्नु, समुदायलाई सशक्त बनाउनु र शैक्षिक उपलब्धी सङ्ख्यात्मक भन्दा गुणात्मक बनाउन मद्दत पुऱ्याउनु, विद्यालय र समुदाय बीच सम्बन्ध सुमधुर बनाउनु सामाजिक परिक्षणको मुख्य उद्धेश्य हो ।

शिक्षा नियमावलि २०५९ (संशोधन सहित) को नियम १७१ क र सामाजिक परीक्षण गर्ने सम्बन्धी निर्देशिका-२०६५ अनुसार सामुदायिक विद्यालयहरूमा १ वर्ष भरि गरेका सम्पूर्ण कार्यहरूको लेखाजोखा गरी मूल्याङ्कन गर्ने कामको सुरुवात वि.सं. २०६३ साल देखि भएको छ । यसरी सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षणको अवस्या कस्तो छ भनी सरोकारवालाहरूसंग गरिएको शोध प्रश्न तथा छलफलको आधारमा प्राप्त प्रतिक्रियालाई यस परिच्छेदमा व्याख्या र विश्लेषण गरिएको छ ।

### ४.१.१ सामाजिक परीक्षण समिति निर्माणको अवस्था

सामुदायिक विद्यालयले गरेको सम्पूर्ण आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण पछि बाह्य लेखापरीक्षण गराउनु पर्छ । नमुना विद्यालयमा उक्त समिति निर्माणको अवस्थाको बारेमा निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १ : सामाजिक परीक्षण समिति निर्माणको वर्तमान अवस्था

| क.सं. | विद्यालयको नाम | निर्माण भएको | निर्माण नभएको | जानकारी नभएको | निर्माण प्रक्रियामा |
|---|---|---|---|---|---|
| १ | श्री जनता उ.मा.वि. वाहुनी | भएको | – | – | – |
| २ | श्री शिक्षा विकास मा.वि. दलेली | – | नभएको | – | – |
| ३ | श्री उ.मा.वि. होक्लावारी | भएको | – | – | |
| ४ | श्री सिद्धार्थ प्रा.वि .होक्लावारी | – | – | – | निर्माण प्रक्रियामा |
| ५ | किसान प्रा.वि . वाहुनी | – | – | – | निर्माण प्रक्रियामा |
| ६ | धिरनाथ सम्फूल विश्वास उ.मा.वि.डाँगीहाट | भएको | – | – | |
| | प्रतिशत | ५०% | १६.६६% | - | ३३.३३% |

*स्रोतः स्थलगत सर्वेक्षण, २०६९*

उपर्युक्त तालिका लाई विश्लेषण गर्दा ६ वटा नमुना विद्यालय मध्ये ३ वटा विद्यालयमा सामाजिक परीक्षण समिति निर्माण भएको छ । १ वटा विद्यालयमा निर्माण नभएको पाइयो । २ वटा विद्यालयमा सामाजिक परीक्षण समिति निर्माण  प्रक्रियामा रहेको छ र जानकारी नभएको भन्ने विद्यालय सङ्ख्या पाइएन । उपर्युक्त तालिका लाई प्रतिशतमा गणना गर्दा सामाजिक परीक्षण  समिति निर्माण भएको ५०%, नभएको मा १६.६६%, जानकारी नभएकोमा सङ्ख्या प्राप्त भएन र निर्माण हुने प्रक्रियामा ३३.३३% रहेको कुरा तालिकामा देखिएको छ ।

माथिको तालिकाबाट के पुष्टि हुन्छ भने सामुदायिक विद्यालयमा सामाजिक परीक्षण समिति अझ पनि बन्न सकेको छैन भने अर्कोतिर यसको प्रभावकारी कार्यान्वयनको खाँचो

रहेको छ । वर्तमान अवस्थामा नेपाल सरकारले विकेन्द्रिकरणको सिद्धान्तअनुसार अधिकार प्रत्यायोजन गरेतापनि त्यसको कार्यान्वयन पक्ष ज्यादै फितलो रहेको देखिन्छ ।

### ४.१.२ सामाजिक परीक्षणको जानकारी

सामुदायिक विद्यालयको सामाजिक परीक्षणले विद्यालयमा रहेका गतिविधि खास गरेर आर्थिक पक्षको विस्तृत रूपमा लेखाजोखा गरी त्यसको विश्लेषण गर्ने गर्दछ । यस अध्ययनमा तोकिएका क्षेत्रका विद्यालयका सरोकारवालाहरूलाई सामाजिक परीक्षणको जानकारी कस्तो छ भनी जानकारी लिन अनुसूचि १, २, ३, ४ मा रहेको प्रश्नावली तथा छलफल आधारमा प्राप्त प्रतिकियालाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

तालिका २ : सामाजिक परीक्षणको जानकारी

| क्र.सं. | सरोकारवाला | जम्मा संङ्ख्या | पुरै जानकारी नभएको | | अलि अलि जानकारी भएको | | पुरै जानकारी भएको | |
|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | प्रधानाध्यापक | ६ | – | – | – | – | ६ | १००% |
| २ | शि.अ.सं. अध्यक्ष | ६ | – | – | १ | १६.६६% | ५ | ८३.३३% |
| ३ | विद्यार्थी | ६ | २ | ३३.३३% | २ | ३३.३३% | २ | ३३.३३% |
| ४ | शिक्षक | ६ | – | - | - | - | ६ | १००% |
| ५ | वि.व्य.स. अध्यक्ष | ६ | – | - | १ | १६.६६% | ५ | ८३.३३% |
| | जम्मा | ३६ | २ | ६.६६% | ४ | १३.३३% | २४ | ८0% |

*स्रोत: स्थलगत सर्वेक्षण, २०६९*

माथिको तालिकाअनुसार सतप्रतिशत प्रधानाध्यापकहरूलाई विद्यालयको सामाजिक परीक्षकका विषयबस्तु र अवस्थाको जानकारी राख्दछन् भने ८३ प्रतिशत शिक्षक अभिभावक संघका अध्यक्षहरूले पुरै जानकारी राख्दछन् तर १७ प्रतिशत शिक्षक अभिभावक संघका

अध्यक्षहरू उक्त विषयमा सामान्य जानकारी मात्र राख्दछन् । त्यस्तै प्रस्तुत विषय अध्ययनरत विद्यार्थीहरूको पनि सरोकारको विषय हो । यस सन्दर्भमा ३३ प्रतिशत विद्यार्थीहरूलाई मात्र जानकारी रहेको अवस्था पाइएको छ । त्यसैगरी विद्यालयका कार्यरत सतप्रतिशत शिक्षकहरू प्रस्तुत विषयमा जानकारी राख्दछन् भने अझै पनि १७ प्रतिशत विद्यालय व्यवस्थापन समिति अध्यक्षहरू विद्यालयको सामाजिक परीक्षणका सन्दर्भमा सामान्य जानकारी मात्र राख्दछन् ।

माथिको तथ्याङ्कलाई मध्येको समष्टिगत रूपमा विश्लेषण गर्दा सरोकालवाला मध्ये ६.६६% लाई पूरै जानकारी नभएको, १३.३३% लाई अलिअलि जानकारी भएको र ८०%, लाई पुरै जानकारी भएको तथ्याङ्कले देखाउँछ । मानव सम्वन्ध सिद्धान्त मायो, (१८८०-१९४९) काअनुसार  सङ्गठनमा काम गर्नेहरूका बीच प्रभावकारी सञ्चार र समन्वय हुनुपर्नेमा जोड दिएतापनि सामुदायिक विद्यालयका सरोकारवालाहरूलाई सम्बन्धित निकायबाट सामाजिक परीक्षणको सम्बन्धमा कुनै पनि किसिमको आवश्यक तालिम  सचेताना मूलक गोष्टी तथा प्रभावकारी जानकारी दिइएको पाइएन । जसले गर्दा विद्यालयका गतिविधिमा पारदर्शिताको अभाव रहेकोले विद्यालयको विकासमा समुदायको कम चासो भएको पाइयो साथै विद्यालय र समुदायको सम्बन्ध चिसिदै गएको पनि पाइयो ।

### ४.१.३ सामाजिक परीक्षण समितिमा सहभागिता

सामुदायिक विद्यालयमा राख्ने गरेको आय व्यय सम्बन्धी विवरणको जानकारी विद्यालयका सरोकारवाला सम्म पुगोस् र आर्थिक कारोवार पूर्णरूपमा पारदर्शी होस् भन्ने हेतुले शिक्षक अभिभावक संघको संयोजकत्वमा ५ देखि ७ सदस्य सामाजिक परीक्षण समिति बनाउनु पर्ने प्रावधान छ । तर नमुना विद्यालयको अवस्था पाइयो ।

तालिका ३ : सामाजिक परीक्षण समितिमा सदस्यहरूको विवरण

| क.सं. | विद्यालय | शिक्षक अभिभावक संघ | अभिभावक | चन्दादाता शिक्षा प्रेमी वुद्धिजीबी | शिक्षक | विद्यार्थी |
|---|---|---|---|---|---|---|
| १ | श्री जनता उ.मा.वि. वाहुनी | १ | ३ | १ | १ | २ |
| २ | श्री शिक्षा विकास मा.वि. दलेली | - | - | - | - | - |
| ३ | श्री उ.मा.वि. होक्लावरी | १ | २ | १ | २ | २ |
| ४ | श्री सिद्धार्थ प्रा.वि.होक्लाबारी | - | - | - | - | - |
| ५ | किसान प्र.वि. वाहुनी | - | - | - | - | - |
| ६ | धिरनाथ सफल विश्वास उ.मा.वि.डाँगीहाट | १ | २ | १ | १ | २ |

*स्रोतः स्थलगत सर्वेक्षण, २०६९*

उपर्युक्त तालिका विश्लेषण गर्दा सामाजिक परीक्षण सामुदायिक विद्यालयमा निर्माण गर्दा शिक्षक अभिभावक संघका पदाधिकारी मध्ये १ जना (सके सम्म शि.अ.सं.का अध्यक्ष नै हुनु पर्ने ) को संयोजकत्वमा विद्यालयका अभिभावक, शिक्षा प्रेमी, चन्दादाता सम्वन्धित विद्यालयका कार्यरत शिक्षक, मा.वि./उच्च मा.वि. का माथिल्लो कक्षाका विद्यार्थी सामाजिक परीक्षण समिति हुनु पर्नेमा धेरै विद्यालयमा सामाजिक परीक्षण समिति निर्माण नै नभएको वा निर्माण भए पनि सहभागिता समान नभएको देखिन्छ। वि.व्य.स., शि.अ.सं., प्र.अ. तथा सरोकारवालाको अन्तर्क्रिया भेलाले सामाजिक परीक्षण समितिमा तालिकामा उल्लेखित सम्पूर्ण पदहरूको सहभागिता हुनु पर्नेकुरामा जोड दिएको पाइयो ।

तालिकामा उल्लेखित विद्यालय जसले सामाजिक परीक्षण समिति निर्माण गरेको छैन । त्यस विद्यालयका प्र.अ., शिक्षक अभिभावक संघका पदाधिकारी तथा वि.व्य.सं. सदस्यका अनुसार सामाजिक परीक्षण निर्देशिका २०६५ मा सामाजिक परीक्षण समिति निर्माण गर्नु पर्ने कुरा स्पष्ट भए पनि विद्यालयमा सामाजिक परीक्षण समिति निर्माण गर्न नसकेको र निकट भविष्यमा नै निर्माण गर्ने कुरामा सरोकारवाला  सहभागी बाट जानकारी प्राप्त भयो । विद्यालयहरूमा समाजिक परीक्षण समिति नभएकोले प्र.अ. स्वयम्ले आर्थिक कारोवारको सबै कार्य गरेकोले पौल (१९९३) द्वारा प्रतिपादित विकेन्द्रीकरणको सिद्धान्त जस्तो हुन नसकेको जस्तो देखिन आउँछ ।

## ४.१.४ विद्यालयको आर्थिक अभिलेखीकरणमा संलग्नता

सामुदायिक विद्यालय र समुदाय  बीच सम्वन्धलाई सुमधुर बनाउन विद्यालयको अर्थिक अभिलेख राख्ने व्यक्तिमा विविधता पाईयो । ६ वटा नमूना विद्यालयहरू मध्ये २ वटा विद्यालयमा प्र.अ. बाट लेखाको अभिलेख राख्ने गरेको पाइयो भने ३ वटा विद्यालयमा लेखापालद्वारा र बाँकी १ वटा विद्यालयमा  शिक्षकद्वारा लेखा राख्ने गरेको पाइयो ।

उपर्युक्त विवरणबाट के पुष्टि हुन्छ भने ३३.३३% विद्यालयहरूमा प्र.अ. द्वारा आर्थिक कारोवारको अभिलेख राखिन्छ  भने सामुदायिक विद्यालयको लेखापाल द्वारा ५०% अभिलेख राख्ने गरेको पाइन्छ । त्यसरीनै शिक्षकद्वारा १६.१६% मात्र आर्थिक अभिलेख राख्ने गरेको पाइन्छ । सामुदायिक विद्यालयमा विभिन्न स्रोतहरूबाट आम्दानी हुने गर्दछ र धेरै शीर्षकमा खर्च पनि हुने गर्दछ । यसरी आम्दानी खर्चको व्यवस्था शिक्षा नियमावली २०५९ ले गरेको छ । सामुदायिक विद्यालयको आम्दानी खर्च सम्बन्धी सत्य तथ्य विवरण समयमा नै सरोकारवाला बीच सार्वजनिक गर्ने दायित्व पनि प्र.अ.को नै रहन्छ । लेखापालको दरबन्दी नभएकोले प्र.अ. स्वयम्ले नै सरकारी विद्यालयको लेखा राख्ने गरेको पाइन्छ । केही विद्यालयहरूमा नीजि स्रोतबाट लेखापालको नियुक्ति गरी लेखा सम्बन्धी सम्पूर्ण जिम्मा दिएको पाइन्छ । यस्ता लेखापाल भएका विद्यालय प्राय मा.वि. र उ.मा.वि. रहेका छन । सामुदायिक विद्यालयका

प्र.अ.ले शैक्षिक,भौतिक, सामाजिक र अन्य धेरै पक्षहरूमा ध्यान पुऱ्याउनुपर्ने भएकोले लेखा सम्बन्धी कार्यका लागि लेखापाल नै उपयुक्त रहने देखिन्छ ।

### ४.१.५ विद्यालयमा लेखा राख्ने शैली

आर्थिक पारदर्शिता लाई पूर्ण पालन गर्न वैज्ञानिक तथा आधुनिक लेखाप्रणाली उपयोग गर्नु  पर्छ । नमूना विद्यालय ६ वटा मध्ये १ वटामा विद्यालयमा लेखा राख्ने तरिका  वैज्ञानिक पाइयो भने १ वटा विद्यालयमा परम्परागत तरिकाको र बाँकी ४ वटा विद्यालयमा सुधारिएको लेखा राख्ने तरीका प्रयोग गरेको पाइयो ।

उपर्युक्त विवरणलाई विश्लेषण गर्दा सामुदायिक विद्यालय मध्येका धेरै विद्यालयहरूमा आम्दानी खर्चको अभिलेख सुव्यवस्थित र पारदर्शी तरिकाले राखेको देखिएन । वैज्ञानिक लेखा प्रणालीको दोहोरो लेखाप्रणालीअनुसार डे. र क्रे. का आधारमा लेखा राख्ने विद्यालयहरू १६.६७% मात्र पाइएको छ । दोहोरो लेखा प्रणालीको सिद्धान्तअनुसार अभिलेखीकरण गर्ने विद्यालयहरूमा मा.वि.र उ.मा.वि. रहेको छ । १६.६७% विद्यालयहरूमा  अत्यन्त पूरानो परम्परागत शैलीमा लेखाराखेको पाइयो । विद्यालयका प्र.अ.हरूको लेखाराख्ने प्रणालीमा वैज्ञानिकता  आउन सकेको देखिएन । यसको कारण प्र.अ.हरूमा  वैज्ञानिक लेखाराख्ने ज्ञान, सीप र तालिमको अभाव रहेको देखिन्छ । सामुदायिक विद्यालयहरूले एकोहोरो लेखा शैलीको प्रयोग गरिएपनि लेखा प्रणाली सुधारिएको र वैज्ञानिक एवम् पारदर्शी लेखा राख्ने गरेको पाइयो । ६६.६७% विद्यालयहरूले सुधारिएको लेखा प्रणाली प्रयोग गरेको पाइयो ।

### ४.१.६ सामाजिक परीक्षण सम्बन्धी धारणा

सामुदायिक विद्यालयका प्रशासकीय प्रमुख व्यक्तिका रूपमा प्रधानाध्यापक रहे पनि विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्न विद्यालयमा अध्ययनरत वालवालिकाका अभिभावक मध्येबाट एक समिति गठन (वि.व्य.स.) हुने प्रावधान शिक्षा ऐन २०५९ को दफा १९२ मा उल्लेख छ । त्यसरीनै हरेक सामुदायिक विद्यालयमा शिक्षक अभिभावक संघको पनि गठन गरिएको हुन्छ । तलको तालिकामा त्यस्ता सरोकारवालाको व्यक्त प्रक्रिया उल्लेख गरिएको छ ।

तालिका ४ : सामाजिक परीक्षणमा प्र.अ., वि.व्य.स., शि.अ.संघ, शिक्षक, अभिभावक र विद्यार्थीको धारणा

| क.सं. | सरोकारवाला पक्ष | झन्झट हुने | औपचारिकतामा मात्र सीमित | सम्बन्ध सुधार्ने | मनमुटावको वातावरण बनाउने | थाहा छैन | कुल |
|---|---|---|---|---|---|---|---|
| १ | प्र.अ. | २ | - | ३ | १ | - | |
| २ | शि.अ.संघ | १ | २ | १ | २ | - | |
| ३ | वि.व्य.स. | - | १ | ३ | १ | १ | |
| ४ | शिक्षक | २ | २ | १ | १ | - | |
| ५ | विद्यार्थी | - | १ | ३ | - | २ | |
| ६ | अभिभावक | - | १ | २ | २ | १ | |
| | जम्मा | ५ | ७ | १३ | ७ | ४ | ३६ |
| | प्रतिशत | १३.८८% | १९.४४ % | ३६.११% | १९.४४ % | ११.११% | १००% |

*स्रोत: स्थलगत सर्वेक्षण, २०५९*

माथिको तालिकालाई विश्लेषण गर्दा जम्मा ३६ जना सहभागी मध्ये १३.८८% ले सामाजिक परीक्षण अनावश्यक झन्झट हो भनेका छन् भने १९.४४%, ले यो औपचारिकतामा मात्र सीमित रहन्छ भनेका छन । त्यसरीनै ३६.११% ले  सामाजिक परीक्षणबाट विद्यालय र समुदायको वीच सम्बन्धलाई सुमधुर बनाउँछ भनेका छन् भने १९.४४% ले यसले सरोकारवालाहरू वीच मनमोटावको वातावरण सिर्जना मात्र गर्छ भनेको छन् । त्यसरीनै ११.११% मात्र सरोकारवालाले थाहा छैन भनेका छन् ।

माथिको तालिका अनुसार के स्पष्ट हुन्छ भने सामाजिक परीक्षणमा विद्यालय तथा सरोकारवाला पक्षहरूले आ-आफ्नो धारणा व्यक्त गरे अनुसार सामुदायिक विद्यालयहरूमा सरोकारवाला छन् जसअनुसार विद्यालयमा हुने लेखा सम्बन्धी सबै गतिविधिहरूका सन्दर्भमा हुने लेखा परीक्षणमा प्र.अ., वि.व्य.स., शिक्षक, अभिभावक, विद्यार्थी, शि.अ.संघ का पदाधिकारी लगायतले आ-आफ्नो भूमिका निर्वाह औपचारिकतामा मात्र समिति राखेको पाइन्छ । यसरी नै

सामाजिक परीक्षणलाई विद्यालयहरूले खासै महत्त्व नदिई सरकारी निकायले दिएको अनावश्यक झन्झटको संज्ञा समेतको धारणा दिइएको पाइयो । समुदायले विद्यालय प्रति चासो राख्नु पर्ने तर त्यसो समुदायको विद्यालयप्रति सकारात्मक धारणा नभएमा विद्यालय र समुदाय बीचका सम्बन्ध सुमधुर हुन नसकी विद्यालयको उन्नति र प्रगति नकारात्मक रूपले प्रभावित हुन्छ भन्ने कुरा माथिको तालिकाबाट बुझ्न सकिन्छ ।

## ४.२ सामाजिक परीक्षणले विद्यालय र समुदाय सम्वन्धको विकासमा खेलेको भूमिका

सामुदायिक विद्यालयमा समुदायले ठूलो लगानी गरेको हुन्छ । त्यसरी नै राज्यबाट पनि आफ्ना नागरिकहरूलाई सजिलै र सहज तरिकाबाट शिक्षा प्राप्त हुन सकोस् भन्ने अभिप्रायले राष्ट्रिय बजेटको लगभग १७% शिक्षा क्षेत्रमा लगानी गरेको छ । नमुना विद्यालयमा गरेको स्थलगत सर्वेक्षणमा सामाजिक लेखा परीक्षणले विद्यालय समुदाय सम्बन्धको अवस्था उल्लेख गरिएको छ ।

तालिका नं. ५ : सामाजिक परीक्षणले विद्यालय र समुदायको सम्वन्धको वारेमा व्यक्त प्रतिकिया

| क.सं. | सरोकारवाला | सहभागी सङ्ख्या | विद्यालय र समुदायको सम्वन्ध | | |
|---|---|---|---|---|---|
| | | | बढाउँछ | घटाउँछ | कुनै प्रभाव पर्दैन |
| १ | प्रधानाध्यापक | ६ | ५(८३.३३%) | – | १(१६.६६%) |
| २ | शिक्षक | ६ | ५(८३.३३%) | – | १(१६.६६%) |
| ३ | अभिभावक | ६ | ४(६६.६६%) | १(१६.६६%) | १(१६.६६%) |
| ४ | शि.अ.स.अ. | ६ | ५(८३.३३%) | | १(१६.६६%) |
| ५ | विद्यार्थी | ६ | ३(५०%) | ३(५०%) | – |
| ६ | वि.व्य.समिति अ. | ६ | ६(१००%) | — | - |
| | जम्मा | ३६ | २८ | ४ | ४ |

*स्रोतः स्थलगत सर्वेक्षण, २०६९*

सामाजिक परीक्षणले विद्यालय र समुदायको सम्बन्धमा बढाउँछ, वा घटाउँछ वा दुई वीचको सम्बन्धलाई कुनै प्रभाव पार्दैन भनी स्थलगत सर्वेक्षण गर्दा माथिको तालिकामा उल्लेख गरे अनुसार पाइयो । तालिकालाई विश्लेषण गर्दा सामुदायिक विद्यालयका ६ जना प्र.अ. मध्ये ५ जनाले सामाजिक परीक्षणले विद्यालय र समुदायको सम्बन्ध बढाउँछ भन्ने आफ्नो धारणा व्यक्त गरेकाछन् जसको प्रतिशत ८३.३३% हुन आउँछ । कुनै प्रभाव पार्दैन भन्नेमा १६.६६% हुन् आउँछ । शिक्षकबाट व्यक्त धारणामा ८३.३३% सम्बन्ध बढाउँछ भनेका छन भने १६.६६% ले सम्बन्धमा कुनै प्रभाव पार्दैन भनेका छन् । ६ जना अभिभावकमध्ये ४ जना ६६.६६% ले विद्यालय र समुदायको सम्बन्ध बढाउछ भन्ने धारणा व्यक्त गरेका छन् भने सम्बन्ध घटाउँछ र कुनै प्रभाव पार्दैनमा १६.६६% ले आफ्नो धारणा व्यक्त गरेका छन् । ६ जना विद्यार्थीहरूमा ५०% जनाले विद्यालय र समुदायको सम्बन्ध बढाउँछ भन्ने धारणा व्यक्त गरेका छन् भने ३ जना ५०% ले विद्यालय र समुदायको सम्बन्धमा चिसोपन ल्याउँछ भनेका छन् । त्यसरी नै

विद्यालयका वि.व्य.स.अ. बाट व्यक्त विचार मा ६जना १००% ले नै सामाजिक परीक्षणले विद्यालय र समुदायको सम्बन्ध बढाउँछ भन्नेमा आ-आफ्नो धारणा व्यक्त गरेको पाइयो ।

उपर्युक्त तालिकालाई विश्लेषण गर्दा के बुझिन्छ भने विद्यालय र समुदायको सम्बन्धलाई सुधार गर्न विद्यालयका आर्थिक गतिविधि पारदर्शी हुनु पर्दछ । शि.अ.स. अध्यक्ष ६ जना मध्ये ५ (८३.३३%) जनाले विद्यालय र समुदायको सम्बन्ध बढाउँछ भन्ने प्रतिक्रिया व्यक्त गरेका छन् भने १(१६.६६%) जनाले विद्यालय समुदाय सम्बन्धमा कुनै प्रभाव पार्दैन भनेका छन् ।

## ४.२.१ सामाजिक परीक्षणमा समुदायको चासो

जुन समुदायिक विद्यालयमा  विद्यालयको हरेक गतिविधि समुदायको इच्छाअनुसार पारदर्शी हुन्छ त्यस विद्यालयमा सामाजिक परीक्षण पछि जनसहभागिता पनि अत्याधिक नै रहन्छ । यस अध्ययनमा नमुना विद्यालयको सामाजिक परीक्षण भइसकेपछि विद्यालयमा सहयोगको अवस्था कस्तो रहन्छ भन्ने सन्दर्भमा गरेको सर्वेक्षणको अवस्था निम्न बमोजिम उल्लेख गरिएको छ ।

सरोकारवाला ३६ जना मध्ये १० जनालाई शोधपुक्ष गर्दा १ जनाले सामाजिक परीक्षण पछि विद्यालय सहयोगमा जनसहभागिता समान्य हुन्छ भनेको थियो भने १ जनाले राम्रो र बाँकी ८ जनाले सामाजिक परीक्षण परीक्षण पछि विद्यालय सहयोगमा जनसहभागिता उत्तम हुन्छ भनेका थिए ।

उपर्युक्त विवरणबाट सामुदायिक विद्यालयमा सामाजिक परीक्षण गर्न थालेपछि विद्यालय प्रति समुदायको सहयोग बढ्न थालेको छ  भन्ने कुरा को पुष्टि हुन जान्छ । स्थानीय सहभागिता वृद्धिकै लागि सामाजिक परीक्षणको अवधारणा आएको हो । वर्तमान अवस्थामा सामाजिक परीक्षणले गर्दा जनसहभागिता उत्तम छ भन्ने प्र.अ. को सङ्ख्या ८०% रहेको कुरा तालिमबाट प्रष्ट हुन आउँछ । सामाजिक परीक्षणबाट विद्यालयमा समुदायको सहयोग राम्रो हुन्छ भन्ने प्र.अ. १०% र सामान्य हुन्छ भन्ने प्र.अ.को संख्या १०% रहेको कुरा स्थलगत सर्वेक्षणले बताउँछ जुन माथिको विवरणमा उल्लेख गरिएको छ ।

सामाजिक परीक्षणको मुख्य उद्देश्य नै विद्यालय व्यवस्थित सञ्चालनका लागि स्थानीय जनसहभागिता वृद्धि गर्नु हो । विद्यालय व्यवस्थित सञ्चालनका लागि सरोकारवालाको संलग्नता अपरिहार्य रहेको हुन्छ । मानव सम्बन्ध सिद्धान्तअनुसार कुनै पनि संगठनमा समूह सञ्चालनका लागि नेतृत्व, उत्प्रेरणा, सहभागिता, सञ्चार, व्यक्तित्व र मानवीयता जस्ता गुणहरू चाहिन्छ साथै यसका लागि दया, माया, प्रेम स्नेह, सम्मान, सद्भाव, सत्कार, ममता आदि गुण तथा व्यवहार पनि चाहिन्छ ।

## ४.२.२ सामाजिक परीक्षण पछि सर्वसाधारणलाई जानकारी

सामुदायिक विद्यालयमा सामाजिक परीक्षण पछि विद्यालयको आर्थिक लगायत सम्पूर्ण पक्षको पारदर्शिता पूर्ण रूपमा हुनु पर्दछ तर कुनै सामुदायिक विद्यालयमा परीक्षण समितिमा सम्वन्धित सबै पक्षको सहभागिताको अभाव रहेको स्थितिमा पूर्ण पारदर्शिता हुन सक्दैन । सामाजिक परीक्षण पछि सामाजिक परीक्षणको प्रतिवेदन सार्वजनिक स्थलहरूमा राख्ने र त्यसको चित्त बुझ्दो प्रतिक्रिया सरोकारवालाबाट आएमा मात्र पारदर्शी भो भन्ने मान्यता रहेको छ । नमुना विद्यालयमा सामाजिक परीक्षण पछि पारदर्शिताको अवस्था कस्तो रहेको छ भन्ने कुरा निम्न बमोजिम पाइयो ।

स्थलगत सर्वेक्षणमा सहभागी प्र.अ., शि.अ.संघ, शिक्षक, अभिभावक र विद्यार्थीहरू गरी २७ जना मध्ये २० जना सहभागीले सामाजिक परीक्षण पछि सर्वसाधारणलाई जानकारी प्राप्त हुन सम्भव हुन्छ भनेका थिए भने ४ जनाले सम्भव छैन भनेका थिए भने थाहा छैन्  भन्ने सहभागी ३ जना रहेको पाइयो ।

उपर्युक्त सहभागिको विचारलाई विश्लेषण गर्दा ७४% सरोकारवालाले सामाजिक परीक्षणबाट आर्थिक पारदर्शीता सम्भव छ भनी आफ्नो मत व्यक्त गरेका छन् भने १५% सरोकारवालाले सामाजिक परीक्षणबाट आर्थिक पारदर्शिता सम्भव छैन र ११% समुदायिक विद्यालयका सरोकारवालाले सामाजिक परीक्षणबाट आर्थिक पारदर्शिता हुन्छ वा हुँदैन भन्ने कुरामा थाहा छैन भन्ने कुरा व्यक्त गरेका छन् । शिक्षा क्षेत्रमा सामाजिक परीक्षणको अभ्यास र आर्थिक पारदर्शिता निकै अगाडि देखि हुँदै आएको छ । नेपालका गैर सरकारी संघ संस्थाहरूले तोकिएको आयोजना सम्पन्न भए पछि यसका आम्दानी र लागत सम्वन्धी हरेक कुराहरू होर्डिङ्ग

वोर्डमा लेखेर सार्वजनिक स्थलमा राख्ने गरेका छन् । विद्यालय पनि एउटा समुदायिक संस्था भएको कारणले समुदायको चासो विद्यालको हरेक गतिविधिमा हुनु स्वाभाविक नै हुन्छ । त्यसकारणले पनि सामुदायिक विद्यालयको आर्थिक कारोवार पारदर्शी हुनु पर्दछ । आर्थिक पारदर्शिता हुन सकेको खण्डमा समुदायले विद्यालयको हरेक कार्यमा सहयोग गरी विद्यालयको उन्नतिमा प्रगतिमा अहम् भूमिका खेलेको हुन्छ तथा विद्यालय र समुदायको बीचमा गहिरो सम्बन्धको विकास हुँदै जान्छ ।

### ४.२.३ सामाजिक लेखापरीक्षकको पटक

विद्यालय समुदायको सम्बन्धलाई दरिलो बनाउन सामुदायिक लेखा परीक्षणले अहम भूमिका खेलेको हुन्छ भन्ने कुरालाई कसैले नकार्न सक्दैन । सोही सम्बन्धमा नमुना विद्यालयका सरोरकारवालाहरूसँग स्थलगत सर्वेक्षणमा विचार संङ्कलन गर्दा उनिहरूले निम्न अनुसार आ-आफ्नो राय व्यक्त गरेकाछन्   जसलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका ६ :  सामाजिक लेखापरीक्षकको पटक

| क.स. | समय | प्र.अ. | अभिभावक | वि.व्य.स. | शि.अ.स.पदाधिकारी |
|---|---|---|---|---|---|
| १ | प्रत्येक चौ.नि.पछि | ३३.३३% | ५०% | १६.६७% | ३३.३३% |
| २ | आ.व.को वीचमा | १६.६७% | १६.६७% | ३३.३३% | ३३.३३% |
| ३ | आ.व.को अन्तिम | ५०% | ३३.३३% | ५०% | ३३.३३% |
| | जम्मा | १०० % | १०० % | १०० % | १०० % |

*स्रोतः स्थलगत सर्वेक्षण, २०६९*

माथिको तालिकालाई विश्लेषण गर्दा सामाजिक परीक्षणमा कामगर्ने सहभागी प्र.अ. मध्ये ३३.३३% ले प्रत्येक चौमासिक निकासाको अन्तमा सामाजिक परीक्षण हुनु पर्दछ । यस्तो हुन गएमा लेखाको विवरण सानो हुने हुदाँ पारदर्शिता सहज हुन जान्छ र विद्यालय र समुदाय बीचको सम्बन्ध प्रगाढ हुँदै जान्छ भन्ने आ-आफ्नो राय व्यक्त गरेका थिए । त्यसरी नै प्रत्येक चौमासिक निकासाको अन्तमा सामाजिक परीक्षण हुनु पर्दछ भन्ने अभिभावक ५०%, वि.व्य.स. १६.६७%, शिक्षक अभिभावक संघका पदाधिकारी ३३.३३%,  ले आ-आफ्नो विचार व्यक्त गरेका

थिए । यस्ता सहभागिकाहरूको राय अनुसार सामुदायिक विद्यालयका सामाजिक परीक्षण प्रत्येक चौमासिक निकासाको अन्तमा भयो भने विद्यालको गतिविधि अझ पारदर्शी हुने विद्यालय र समुदाय वीचको सम्बन्ध अझ मजबुत हुन गई विद्यालयको उन्नति प्रगति सहज हुन जान्छ ।

त्यसरी नै आ. वर्षको बीचमा सामाजिक परीक्षण हुनु पर्छ भन्ने प्र.अ. १६.६७%, अभिभावक १६.६७%, वि.व्य.स. पदाधिकारी ३३.३३%, शि.अ.स. पदाधिकारी ३३.३३% ले आ-आफ्नो विचार व्यक्त गरेका थिए । यी समूहका सरोकारवालाहरूको दृष्टिकोणमा प्रत्येक चौमासिक निकासाको अन्तमा भयो भने झन्झटिलो हुने हुँदा आर्थिक वर्षको बीचमा र अन्तमा वर्षको २ पटक भएमा सामाजिक परीक्षण पारदर्शी हुन गई विद्यालय र समुदाय बीच सम्बन्ध सुमधुर हुन जान्छ भन्ने विचार व्यक्त गरेका थिए ।

आ.व.को  अन्तमा मात्र सामाजिक परीक्षण हुनु पर्छ भन्ने प्र.अ.५०%, अभिभावक ३३.३३%, वि.व्य.स.५०% र शि.अ.स. अध्यक्ष ३३.३३% आ-आफ्ना मत व्यक्त गरेको स्थलगत सर्वेक्षणमा पाइयो । यी समूहका सरोकारवाला व्यक्तिहरूको सङ्ख्या अलिक धेरै पाइयो । उहाँहरूको दृष्टिकोणमा सामाजिक परीक्षण वर्षको धेरै पटक हुन गएमा यो झन्झटिलो हुने र विद्यालय समुदायको सम्वन्धमा चिसोपन बढाउने कारणले गर्दा सामाजिक परीक्षण आ.व.को अन्तमा नै गर्दा यसले सामुदायिक विद्यालय र समुदायको सम्वन्ध प्रगाढ बनाउनेकाममा सहयोग पुग्दछ भनी आ-आफ्ना धारणा व्यक्त गरेका थिए ।

### ४.२.४ सामाजिक परीक्षणले पुऱ्याएको सहयोग

सामाजिक परीक्षण विद्यालयको आर्थिक, शैक्षिक, भौतिक लगायत सर्व पक्षीय परीक्षण हुने तर यसलाई लेखा परीक्षण संग मात्र दाज्ने गरेको पाइन्छ । नमुना विद्यालयहरूमा गरेको सामाजिक परीक्षण संग सम्वन्धित विचारहरू निम्न तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ७ : सामाजिक परीक्षणले पुऱ्याएको सहयोग**

| क्र.सं. | विवरणको अवस्था | शि.अ.स. (प्रतिशतमा) | शिक्षक (प्रतिशतमा) | विद्यार्थी (प्रतिशतमा) | अभिभावक (प्रतिशतमा) |
|---|---|---|---|---|---|
| १ | विद्यालय व्यवस्थापनमा सहयोग | - | ३३.३३ % | १६.६७ % | - |
| २ | विद्यालय समुदाय सम्वन्धमा विकास | १६.६७ % | - | - | - |
| ३ | लोकप्रियताका विकास | ३३.३३ % | - | ३३.३३ % | ५० % |
| ४ | सरोकारवालाको संतुष्टि | - | - | - | १६.६७ % |
| ५ | माथिल्लो निकायको प्रसंशा | ३३.३३ % | १६.६७ % | - | - |
| ६ | जिम्मेवारीको वहन | - | १६.६७% | - | - |
| ७ | प्र.अ.लाई काम गर्न सजिलो | - | ३३.३३ % | १६.६७ % | ३३.३३ % |
| ८ | विद्यालयको स्तरमा सुधार | १६.६७% | - | ३३.३३% | - |
| | जम्मा | १००% | १००% | १००% | १००% |

*स्रोत: स्थलगत सर्वेक्षण २०६९*

माथिको तालिकालाई विश्लेषण गर्दा सामाजिक परीक्षणको संदर्भमा अन्तर्वार्ता सूचीबाट प्राप्त विवरणको वास्तविक अवस्थाको जानकारी प्राप्त भएको छ । तालिकाअनुसार शिक्षक अभिभावक संघका पदाधिकारीहरूबाट व्यक्त गरिएको रायले के स्पस्ट गर्छ भने सामाजिक परीक्षणले विद्यालय व्यवस्थापनमा सहयोग पुग्दछ भन्ने शिक्षक अभिभावक संघले कुनै विचार व्यक्त गरेको पाइएन्, विद्यालय समुदाय सम्बन्धमा विकास हुन्छ भन्नेमा १६.६७% त्यसरी नै लोकप्रियताको विकास हुन्छ भन्नेमा ३३.३३%, सरोकारवालको संतुष्ट हुन्छ भन्नेमा कुनै विचार व्यक्त गरेको पाइएन् । माथिल्लो निकायको प्रशंसा हुन्छ भन्नेमा ३३.३३%, जिम्मेवारी वहनमा र प्र.अ.लाई काम गर्न सजिलो हुन्छ भन्नेमा कुनै विचार व्यक्त गरेको पाइएन र विद्यालयको स्तरमा सुधार हुन्छ भन्नेमा १६.६७%, शिक्षक अभिभावक संघका पदाधिकारीले आ-आफ्नो विचार व्यक्त गरेका थिए ।

सामुदायिक विद्यालयका शिक्षकहरूले व्यक्त गरेका विचारमा समाजिक परीक्षणबाट विद्यालय व्यवस्थापनमा सहयोग पुग्छ भन्नेमा ३३.३३%, विद्यालय समुदाय सम्वन्धमा विकास हुन्छ भन्नेमा, लोकप्रियताको विकास हुन्छ भन्नेमा र सरोकारवालाको संतुष्टि हुन्छ भन्नेमा कुनै विचार व्यक्त नगरेको पाइयो । माथिल्लो निकायको प्रशंसा भन्नेमा १६.६७%, जिम्मेवारीको वहन हुन्छ भन्नेमा १६.६७%, प्र.अ. लाई काम गर्न  सजिलो हुन्छ भन्नेमा ३३.३३% र विद्यालयको स्तरमा सुधार हुन्छ  भन्नेमा कुनै विचार व्यक्त नगरेको पाइयो ।

सामाजिक परीक्षणले सामुदायिक विद्यालयको गतिविधिमा के कस्तो असर पार्दछ भन्ने सर्न्दभमा विद्यार्थीहरूबाट व्यक्त विचारमा यसले विद्यालय व्यवस्थापनमा सहयोग पुग्छ भन्नेमा १६.६७%, विद्यालय समुदाय सम्बन्धमा विकास पुग्छ भन्नेमा  कुनै विचार व्यक्त नगरेको पाइयो, लोकप्रियतको विकास भन्नेमा ३३.३३% सरोकारवालाको संतुष्टि भन्नेमा, माथिल्लो निकायको प्रशंसा भन्नेमा र जिम्मेवारीको वहन हुन्छ  भन्नेमा कुनै विचार व्यक्त नगरेको पाइयो  । प्र.अ. लाई काम गर्न सजिलो हुन्छ भन्नेमा १६.६७% र विद्यालायको स्तरमा सुधार भन्नेमा ३३.३३%, ले आफ्नो विचार व्यक्त गरेका थिए यसरी नै सामुदायिक विद्यालयका अभिभावकहरूले सामाजिक परीक्षणले  कस्तो प्रभाव पार्छ भन्ने संन्दर्भमा व्यक्त विचारमा विद्यालय व्यवस्थापनमा सहयोग पुग्छ भन्नेमा, विद्यालय समुदायको सम्बव्ध बढछ भन्नेमा कुनै विचार व्यक्त नगरेको पाइयो । त्यसरी नै लोकप्रियताको विकासमा ५०%, सरोकारवालाको संतुष्टि हुन्छ भन्नेमा १६.६७%, माथिल्लो निकायको प्रशंसा हुन्छ भन्नेमा, जिम्मेवारीको वहन हुन्छ भन्नेमा कुनै विचार व्यक्त नगरेको पाइयो । त्यसै गरी प्र.अ.लाई कार्यगर्न सजिलो हुन्छ भन्नेमा ३३.३३% विचार व्यक्त गरेको पाइयो भने विद्यालयको स्तरमा सुधार हुन्छ भन्नेमा कुनै विचार व्यक्त नगरेको पाइयो ।

माथिको तालिकामा उल्लेख गरिएका सरोकारवालाको विचारहरूलाई विश्लेषण गर्दा के स्पष्ट हुनजान्छ भने सामाजिक परीक्षण कार्यकमले विद्यालयको उन्नति र प्रगतिमा ठुलो सहयोग पुग्दछ जसलाई टेलर (१९१३) ले पनि आफ्नो सिद्धान्त मार्फत पुष्टि गरेको पाइन्छ । साथै सामुदायिक विद्यालयको सामाजिक परीक्षणले विद्यालय र समुदाय बीचको दुरिलाई कमगर्दै एक आपस वीचको सम्बन्धलाई बलियो बनाउन अहम् भुमिका खेलेको हुन्छ ।

## ४.३ सामाजिक परीक्षणमा देखिएका समस्याहरू

सामुदायिक विद्यालयमा हुने गरेको सबै कार्यहरू मध्ये खास गरेर आर्थिक कारोवारको अवस्थालाई चुस्त दुरुस्त बनाइ राख्न सामाजिक परिक्षणले कडाइका साथ मूल्याङ्कन गर्ने गरेको पाइन्छ तर यसको धेरै समस्याहरू सामुदायिक विद्यालयमा विद्यमान रहेको पाइन्छ जुन निम्नानुसार बुदाँगत रूपमा प्रस्तुत गरिएको छ ।

### ४.३.१ दक्षजनशक्तिको अभाव

स्थलगत सर्वेक्षणको क्रममा सहभागि ६ वटा सामुदायिक विद्यालय मध्येका ३६ जना सरोकारवाला मध्ये ९ जनाले दक्षजनशक्तिको अभाव नै सामाजिक परीक्षणको मुख्य समस्या हो भनेका छन् । जसलाई प्रतिशतमा व्यक्त गर्दा २५% हुन आउँछ । वास्तवमा सबै सामुदायिक विद्यालयमा सामाजिक परीक्षणको मुख्य समस्या भनेको दक्ष जनशक्तिको अभाव नै देखिन्छ ।

### ४.३.२ जानकारीको अभाव

स्थलगत सर्वेक्षणको क्रममा सहभागी ३६ जना सरोकारवाला मध्ये ८ जनाले सामुदायिक विद्यालयमा सामाजिक परीक्षणको मुख्य समस्या भनेको सामाजिक परीक्षणको आवश्यक जानकारी नभएको हो भनेका छन् । यसलाई प्रतिशतमा व्यक्त गर्दा २२.२२% हुन आउँछ ।

### ४.३.३ तालिमको अभाव

सामाजिक परीक्षणको मुख्य समस्या पत्ता लगाउन गरिएको स्थलगत सर्वेक्षणमा सहभागी ३६ जना मध्ये १० जना सहभागीले सामाजिक परीक्षणको मुख्य समस्या भनेको सम्बन्धित पक्षलाई तालिम नदिनु हो भनेका थिए । यसलाई प्रतिशतमा देखाउँदा २७.७७% हुन आउँछ ।

### ४.३.४ समयको कमी

स्थलगत सर्वेक्षणको क्रममा सामाजिक परीक्षणको मुख्य समस्या के हो भन्ने कुराको सोधपुछ गर्दा ३६ जना सहभागी मध्ये ५ जना सहभागीले सामाजिक परीक्षणको मुख्य समस्या भनेको समयको अभाव नै हो भनेका छन् । जसलाई प्रतिशतमा व्यक्त गर्दा १३.८८% हुन आउँछ ।

### ४.३.५ उत्तरदायित्वको कमी

सहभागी कुल ३६ जना सरोकारवाला मध्ये ४ जना सहभागीले सामुदायिक विद्यालयको सामाजिक परीक्षणमा देखा परेका विभिन्न समस्याहरू मध्ये मुख्य समस्या भनेको सरोकारवालाहरूमा उत्तरदायित्वको कमी नै हो भनेका थिए जसलाई प्रतिशतमा व्यक्त गर्दा ११.११% हुन आउँछ ।

## ४.४ सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने उपायहरू

सामुदायिक विद्यालयको सामाजिक परीक्षणमा विभिन्न वाधा, व्यवधान तथा समस्याहरू आउने गर्दछन । ती समस्याहरू के के हुन् ? भन्ने सन्दर्भमा सरोकारवालाहरूको विचारबाट प्रष्ट भइसकेको छ । विद्यमान सम्पूर्ण समस्याहरूको समाधानको वारेमा सरोकारवालाहरूबाट व्यक्त विचार निम्न प्रकार रहेका छन् ।

सामुदायिक विद्यालयमा सामाजिक परीक्षणमा देखापरेका विभिन्न समस्याहरूलाई समाधान गर्ने प्रभावकारी उपायहरूको सन्दर्भमा सरोकारवालाहरू समक्ष छलफल गर्दा निम्न प्रतिक्रिया प्राप्त भयो ।

### ४.४.१ जनशक्ति उपलब्ध गराउनु पर्ने

स्थलगत सर्वेक्षणको क्रममा सरोकारवाला समक्ष छलफल गर्दा जम्मा ३६ जना सरोकारवालाहरू मध्ये ८ जनाले सामाजिक परीक्षणमा देखापरेका समस्यालाई समाधान गर्न सामुदायिक विद्यालयमा लेखा राख्न छुट्टै जनशक्ति उपलब्ध गराउनु पर्ने कुरालाई जोड दिएको छ जुन २२.२२% हुन आउँछ ।

### ४.४.२ अनुगमन हुनु पर्ने

सामुदायिक विद्यालयमा सामाजिक परीक्षणमा उत्पन्न हुने समस्याहरूलाई निर्मुल पार्न हरेक विद्यालयमा सम्बन्धित निकायबाट भरपर्दो अनुगमन व्यवस्था हुनु पर्ने कुरामा जोड दिएको पाइयो । यस्तो कुरा भन्ने सरोकारवालाहरू ३६ जना मध्ये ९ जना थिए जुन कुल प्रतिशतको २५% हुन आउँछ ।

### ४.४.३ विकेन्द्रीकरण हुनु पर्ने

सामाजिक परीक्षणलाई अझ प्रभावकारी बनाउन के गर्नु पर्ला भन्ने सन्दर्भमा छलफल गर्दा सरोकारवाला ३६ जना मध्ये ६ जनाले सामाजिक परीक्षणका समस्याहरूलाई हटाउन र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउन विकेन्द्रीकरणको सिद्धान्त अपनाउनु पर्छ भन्ने कुरामा आ-आफ्नो विचार व्यक्त गरेका थिए । जुन प्रतिशतमा १६.१६% हुन आउँछ ।

### ४.४.४ तालिमको व्यवस्था गर्नु पर्ने

३६ जना सरोकारवालाहरू मध्ये ४ जनाले सामाजिक परीक्षणमा देखापरेका समस्याहरूलाई हटाउन सम्बन्धित व्यक्तिलाई पर्याप्त तालिम दिनु पर्ने कुरामा आ-आफ्नो राय व्यक्त गरेका  थिए । जसलाई प्रतिशतमा व्यक्त गर्दा ११.११% हुन आउँछ ।

### ४.४.५ पुरस्कारको व्यवस्था

सामाजिक परीक्षणलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने सर्न्दभमा स्थलगत सर्वेक्षण गर्दा कुल सहभागी ३६ जना सरोकारवालाहरू मध्ये ४ जनाले सामाजिक परीक्षण राम्रो गर्न गराउन सक्ने विद्यालयलाई पुरस्कारको व्यवस्था हुनु पर्ने कुरामा जोड दिएका थिए जसलाई प्रतिशतमा उल्लेख गर्दा ११.११% हुन आउँछ ।

### ४.४.६ निर्देशिका बमोजिम सा.प.स. गठन हुनु पर्ने

सामुदायिक विद्यालयमा भए गरेका सबै कार्यहरूलाई पारदर्शी बनाउँदा विभिन्न समस्याहरू उत्पन्न हुन जान्छ । ती सम्पूर्ण समस्याहरूलाई समाधान गर्न सामाजिक परीक्षण

समिति सामाजिक परीक्षण निर्देशिका २०६५ बमोजीम गठन हुनु पर्छ भन्ने कुरामा आफ्नो विचार व्यक्त गरेका थिए । यस्तो विचार व्यक्त गर्नेहरू कुल ३६ जना सहभागी मध्ये ५ जना थिए । जसलाई प्रतिशतमा व्यक्त गर्दा १३.८८% हुन आउँछ ।

सरोकारवालाहरूबाट माथि उल्लेख गरिएका उपायहरूलाई अवलम्वन गर्न सकेमा सामुदायिक विद्यालयमा भएका अन्य गतिविधिका अतिरिक्त आर्थिक कारोवारमा समेत पारदर्शिता हनुगई विद्यालय सुसंचालन र गुणस्तर अभिवृद्धिमा थप सहयोग पुग्ने कुरामा विश्वास गर्न सकिन्छ । विद्यालय समुदाय सम्वन्धमा सामाजिक परीक्षणको भूमिका धेरै हुनु पर्दछ । सरोकारवालाहरू बीच समन्वय, संचार, नेतृत्व, सीप र स्पष्ट कार्य विभाजन हुनु पर्दछ । विकेन्द्रीकरणको नीति राज्यले अवलम्वन गर्नु पर्दछ । यसो भए मात्र सरोकारवालाहरू बीच विभिन्न विषयमा रहेका द्वन्द्व अन्त हुन गई विद्यालय र समुदायको सम्बन्ध सुमधुर हुनसक्छ ।

# परिच्छेद पाँच :  प्राप्ति, निष्कर्ष र सुझाव

विद्यालय समुदाय सम्बन्धमा सामाजिक परीक्षणको महत्त्व र प्रभाव हेर्न गरिएको यस अध्ययनबाट निम्न किसिमको प्राप्ति, निष्कर्ष र सुझावहरू प्राप्त भएका छन् ।

## ५.१ प्राप्ति

मोरङ् जिल्लाको वाहुनी स्रोतकेन्द्र अन्तरगतका विद्यालयहरूमा सामाजिक परीक्षणबाट विद्यालय र समुदायको सम्बन्धमा के असर परेको छ भन्ने सन्दर्भमा अध्ययन गर्नका लागि विद्यालय समुदाय सम्बन्धमा अनुसन्धान गरिएको छ । यस अनुसन्धानमा नमुना विद्यालयमा सामाजिक परीक्षण समिति पूर्णरूपले निर्माण हुन नसकेको कुनै कुनै मा निर्माण भए पनि सामाजिक परीक्षण निर्देशिका-२०६५ वमोजिम निर्माण नभएको, सरोकारवाला सबै पक्षलाई सहभागी गराउन नसकेको, समयभित्र सामाजिक परीक्षण गरी सार्वजनिक गर्न नसकेको, सामाजिक परीक्षण गराए पनि औपचारिकतामा मात्र सीमित गरिएको, विद्यालयको सम्पूर्ण पक्षलाई सामाजिक परीक्षणमा समेट्न नसकेको, तालिमको अभावमा राखिएको लेखा प्रष्ट नभएको लेखापाल नभएको कारण प्र.अ. स्वयम्ले लेखा राख्दा समयको अभावको कारण लेखा राख्ने काम प्रभावकारी नभएको, सामाजिक परीक्षण हुंदा आर्थिक पक्षलाई मात्र समेटी सामाजिक परीक्षण गरेको जस्ता कुराहरू पाइयो ।

विद्यालयको पहिलो सुपरिवेक्षण र अनुगमन कर्ता स्थानीय समुदायलाई नै बनाउने नीति अनुरूप सामाजिक परीक्षणलाई कार्यन्वयनमा ल्याएको पाइन्छ । सामाजिक परिक्षण नीति नियम बमोजिम सरोकारवालाको चित्त बुझ्दो तरिकाले हुन सक्यो भने यसले सबै पक्षलाई अहितको साटो हित नै हित गर्दछ । सामाजिक परीक्षण विद्यालय समुदायको सम्वन्ध बढाउन कतिको प्रभावकारी छ र यसले विद्यालय गतिविधि पारदर्शितामा कति महत्त्वपूर्ण भूमिका खेलेको छ भन्ने सर्न्दभमा यो अनुसन्धानले महत्त्वपूर्ण भूमिका खेलेको छ ।  यो अनुसन्धानले विद्यालयको आर्थिक परदर्शिताको अवस्थाको बाहेक अन्य पक्षहरूसँग सम्बन्धित भएर अध्ययन गर्न सफल भएको मानिन्छ । नमुना विद्यालयमा भर्खरैमात्र सामाजिक परीक्षण समितिको निर्माण भए पनि

समितिले परीक्षण प्रतिवेदन तयार गर्नु र सरोकारवाला, अभिभावक समक्ष बुझाउने छलफल गराउने, अनुमोदन गराउने जस्ता काम नगरेको पाइयो ।

सामुदायिक विद्यालयमा सामाजिक परीक्षण विद्यालयमा कार्यन्वयनमा आएको धेरै भएको छैन । सरोकारवालाहरू मध्ये प्रधानाध्यापक, शिक्षक र वि.व्य.स.पदाधिकारीलाई मात्र सामाजिक परीक्षणको जानकारी भएको तर धेरै शिक्षक, अभिभावक, शिक्षकअभिभावक संघ र अन्य धेरै सरोकारवालाहरूलाई यसको जानकारी नभएको पाइयो । सामुदायिक विद्यालयमा आर्थिक कार्य गर्ने र त्यसको अभिलेख राख्ने काम अधिकांश विद्यालयहरूमा प्र.अले र केही विद्यालयमा लेखापालद्वारा राख्ने गरेको पाइयो । विद्यालयहरूमा दोहोरो लेखा प्रणालीको साटो एकोहोरो लेखा प्रणाली र केही सुधारिएको विधि प्रयोग गरी लेखाको अभिलेख राख्ने गरेको पाइयो जसले गर्दा सामुदायिक विद्यालयमा आर्थिक पारदर्शिताको कमी हुन गई विद्यालय र समुदाय बीचको सम्बन्ध कुनै कुनै विद्यालयमा चिसिँदै गएको पाइयो । एकोहोरो लेखा प्रणाली प्राय : प्राथामिक विद्यालयमा प्रयोग गरेको पाइयो । दोहोरो लेखाप्रणाली प्राय : माध्यमिक र उच्च माध्यमिक विद्यालयमा प्रयोग गरेको पाइयो । धेरै विद्यालयहरूमा सामाजिक लेखा परीक्षण भएको पाइए पनि कुनै कुनै विद्यालयमा यो औपचारिकतामा मात्र सीमित रहैको पाइयो । केही विद्यालयहरूमा मात्र सामाजिक परीक्षण गरिसके पछि प्रतिवेदन तयार गरी अभिभावक भेलाबोलाई सार्वजनिक गरेको पाइयो ।

सामुदायिक विद्यालयका प्र.अ.हरूले सामाजिक परीक्षण समितिले बुझाएको प्रतिवेदनका सुझावलाई परीक्षण पूर्णरूपमा कार्यान्वयन गर्नु पर्नेमा थोरै प्र.अ. ले मात्र कार्यन्वयन गरेको पाइयो । विद्यालयमा सामाजिक परीक्षण पछि विद्यालयका हरेक गतिविधि र क्रियाकलापमा सरोकारवालाको सहभागिता र संलग्नता बढ्न थालेको छ । माध्यमिक तथा उच्च माध्यमिक विद्यालयमा निजी स्रोतबाट लेखापालको नियुक्ति गरी लेखाको जिम्मा दिएको पाइयो । सामुदायिक विद्यालयमा रहेको सामाजिक परीक्षण समितिले विद्यालयको शैक्षिक, भौतिक, आर्थिक लगायत विद्यालयको सबै पक्षको अनुगमन तथा परिक्षण गर्नु पर्नेमा मात्र आर्थिक पक्षको परीक्षण गरेको पाइयो । जुन जुन विद्यालयमा आर्थिक पक्षलगायत सबै पक्षहरू पारदर्शी रहेकाछन् ती विद्यालयमा समुदायको संलग्नता बढेको र विद्यालय समुदायको सम्बन्ध पनि राम्रो रहेको पाइयो ।

## ५.२ निष्कर्ष

सामुदायिक विद्यालयहरूमा गरिएको अनुसन्धान मध्ये धेरै विद्यालयमा सामाजिक परीक्षण समितिको गठन भए तापनि सामाजिक परीक्षण निर्देशिका-२०६५ ले निर्दिष्ट गरेको सबै प्रक्रिया पूरा नगरेको, औपचारिकता मात्र पूरा गरेको, सरोकारवालाहरूलाई तालिम, गोष्ठि, सेमिनार सञ्चालन गरी सुसूचित नगराएको र सरोकारवालालाई विद्यालय प्रति जिम्मेवारी नबनाएको साझा समस्याहरू विद्यालयमा देख्न पाइन्छ । यसरी नकारात्मक पक्षलाई निरुत्साहित गर्नका लागि नियमित विद्यालयको अनुगमन, व्यवस्थापनमा सहयोग विद्यालय प्रति सकारात्मक सोचको विकास, विद्यालय हाम्रो साझा सम्पति हो भन्ने भावनाको विकासका लागि समेत यस अध्ययनले सम्बन्धित सबै सरोकारवालाहरूलाई सचेत गराएको छ र विद्यालय समुदाय सम्बन्धमा सामाजिक परीक्षणको महत्त्वलाई पनि यो अनुसन्धानले उजागर गरेको छ ।

सामाजिक परीक्षण सम्बन्धी गरिएको यस अनुसन्धानले सामुदायिक विद्यालयमा सामाजिक परीक्षण समिति निर्माण गर्न, सरोकारवालालाई पूर्णरूपमा सहभागी गराउन, सामाजिक परीक्षण पछि प्रतिवेदन तयार गर्न, उक्त प्रतिवेदनलाई अभिभावक भेला गराई प्र.अ. मार्फत् सार्वजनिक गर्न र माथिल्लो निकायमा पेश गरी विद्यालयको वास्तविक अवस्थाको जानकारी गराउन समेत यसले मद्धत पुग्ने देखिन्छ । त्यसकारणले गर्दा सामुदायिक विद्यालयको सामाजिक परीक्षणलाई एउटा प्रभावकारी अभियानको रूपमा अगाडि बढाउन विद्यालय सरोकारवालाहरूलाई घच्घच्याउन समेत यस अनुसन्धानले मद्दत पुग्ने छ भन्ने विश्वास गरिएको छ ।

विद्यालयका प्र.अ लाई शैक्षिक नेता, लेखा, व्यवस्थापक मूल्याङ्कनकर्ता, सुपरिवेक्षक, योजनाकार समुदाय परिचालक, आदि नामले पनि सुचित गरिइको हुन्छ । यसबाट प्रष्ट हुन आउछ कि विद्यालय संचालनको प्रमुख भूमिका प्रधानाध्यापकमा रहेको हुन्छ । सामुदायिक विद्यालयका प्र.अ. ले समुदायलाई वेवास्ता गरी संचालन गरेको कारण समुदायले पनि विद्यालयलाई वेवास्ता गरिरहेको वर्तमान अवस्थामा देख्न पाइन्छ । विद्यालय र समुदायको सम्वन्ध सुमधुर बनाउदै विद्यालयमा भइरहेको गतिविधिमा सरोकारवालाको संलग्नता बढाई विद्यालयको शैक्षिक आर्थिक भौतिक पक्षमा सुधार गर्ने र विद्यालय समुदायको सम्बन्धमा

विकास गर्ने सामाजिक परीक्षणको प्रमुख उद्देश्य हो । सामाजिक परीक्षणकै परिणामस्वरूप प्र.अ. ले सरोकारवाला संग समन्वय गरी काम गर्नु पर्छ भन्ने नयाँ सोचको विकास भएको छ । हालको अवस्थामा विद्यालयमा प्राप्त अनुदानको सदुपयोग विद्यालयमा के कसरी भएको छ र त्यसको अभिलेखीकरण बैज्ञानिक तरिकाले भएको छ/छैन सरोकारवालाहरूले विद्यालयको सबै गतिविधि खोजेको समयमा देखाउन र बुझाउन सकिन्छ कि सकिंदैन भन्ने सम्पूर्ण जवाफदेहिता प्र.अ. माथि रहन्छ । प्र.अ. ले मागेको समयमा नदेखाउँदा आर्थिक अनियमितता भएको अनुमान गरिन्छ । जसको कारण विद्यालय र समुदाय बीच सम्बन्ध विग्रिन गई द्वन्दको वातावरण बन्न जान्छ र विद्यालयको उन्नति प्रगति रोकिन्छ ।

सामुदायिक विद्यालयमा हुँदै गरेको सामाजिक परीक्षणबाट विद्यालयमा आर्थिक पारदर्शिता हुन थाले पछि प्र.अ. हरूले गर्ने आर्थिक हिनामिनाको अवस्था न्युन हुन थालेको छ । सामाजिक परीक्षणले सम्पूर्ण विलभरपाई हेर्न थालेपछि नक्कली विल भरपाईको अन्त भएको छ । सामाजिक परीक्षण पछि तयार भएको प्रतिवेदनमा दिएका सुझावहरू प्र.अ. बाट कार्यन्वयन भएको छ कि छैन त्यसको निगरानी राख्नु पर्छ भन्ने भावनाको विकास सरोकारवालाहरूमा हुन थालेको छ । समुदायको वेवास्ता तथा रेखदेखमा कमी भएको कारण प्रधानाध्यापक बाट आर्थिक हिनामिना र अनियतता हुन थालेको छ भन्ने बुझाइ समुदायमा छ ।

सामुदायिक विद्यालय र समुदायको आपसी सम्बन्धलाई सुमधुर बनाउन सामाजिक परीक्षणको प्रभावकारितालाई व्यवस्थित बनाउन सरोकारवालाको क्षमतामा वृद्धि गर्न, उनीहरूलाई तालिम र गोष्ठी मार्फत् दक्षता अभिवृद्धि गर्नु यस अनुसन्धानले जोड दिएको छ ।

एकातिर स्थानिय सरोकारवालालाई विद्यालय प्रति चासो बढाउन विभिन्न उपायहरू अवलम्बन गर्नु पर्छ भने अर्कोतिर केन्द्र तहमा निहीत अधिकारलाई स्थानीय स्तरमा प्रत्यायोजना गरे पछि मात्र विद्यालय समुदाय बीचको सम्बन्ध सुमधुर हुन जान्छ भन्ने निष्कर्ष यो अनुसन्धान निकालेको छ ।

## ५.३ सुझावहरू

विद्यालय समुदायबीच सम्वन्धलाई सुमधुर बनाउनको लागि सामुदायिक विद्यालयको सामाजिक परीक्षणको अवस्था, त्यसको व्यवस्थापन, परीक्षण समितिको निमार्णमा सम्बन्धित

भई गरिएको यस अनुसन्धानका रूपमा प्राप्त भएका आवश्यक तथ्याङ्कहरूको व्याख्या र विश्लेषण गर्दा देखापरेका बाधा व्यवधान हटाउन र समस्या समाधान गर्न निम्न सुझावहरू प्रस्तुत गरिएको छ :

## ५.३.१ नीतिगत तह

समय समयमा सरोकारवालाहरूलाई लेखा राख्ने बैज्ञानिक प्रणालीको तालिम दिनु पर्ने र यो तालिमलाई पुनर्ताजगीको रूपमा दिई नै रहनु पर्ने हुन्छ । सामाजिक परीक्षण प्रतिवेदन वार्षिक प्रतिवेदनको रूपमा अभिभावक समक्ष पेश गरी त्यस माथि आवश्यक छलफल गराई त्यसको अन्तिम प्रतिवेदन सम्बन्धित निकायमा पेश गरी विद्यालय गतिविधिको पारदर्शिता तथा उत्तरदायित्वको बोधलाई स्पष्ट गर्नु पर्ने भएकोले त्यसो गरे नगरेको माथिल्लो निकायबाट अनुगमन गर्नु पर्ने देखिन्छ । त्यसरी नै माथिल्लो निकायबाट हुने गरेको विद्यालयको स्थलगत निरीक्षण गर्नु पर्ने कार्यलाई सक्रियता पूर्वक सञ्चालन गरिरहनु पर्ने कुरा यस अध्ययनको ठहर रहेको छ । साथै प्रधानाध्यापकको नियुक्ति सम्बन्धी व्यवस्था शिक्षा नियमावली को नियम ९३ मा स्पष्ट उल्लेख भए बमोजिम प्र.अ. को नियुक्ति गर्नु पर्ने देखिन्छ ।

## ५.३.२ अभ्यास तह

सामुदायिक विद्यालयको सामाजिक परीक्षण सम्बन्धी निर्देशिका (२०६५) ले व्यवस्था गरे अनुरूप सरोकारवाला सबैले त्यसको प्रभावकारी कार्यन्वयन गर्नु पर्ने देखिन्छ । त्यसरी नै विद्यालय समुदायमा अपनत्वको भावना जागृत गर्न सरोकारवालाहरूलाई भेला, सेमिनार, गोष्ठी तथा चेतनामूलक कार्यक्रममा सहभागी गराउनु पर्ने देखिन्छ । विद्यार्थीको भविष्य उज्वल बनाउन र विद्यालयमा गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालयलाई राजनीतिबाट अलग राख्नु पर्दछ । विद्यालयलाई शान्ति क्षेत्र घोषणा भए बमोजिम त्यसको सबै पक्षबाट पूर्णपालना गर्नु पर्दछ र विद्यालय प्रति समुदायको सहयोग बढाउन र अपनत्वको भावना जागृत गर्न आपसी सहयोग, समन्वय र सद्भाव आदान प्रदान गर्नु पर्दछ । त्यसैगरी विद्यालयले समुदायको विश्वास जित्न विद्यालयमा भएका गतिविधि र लेखा परीक्षणको आम्दानी खर्चको चार्ट प्र.अ. ले आफ्नो कक्षमा झुन्ड्याई राख्नु पर्दछ । विद्यालयको वातावरणलाई शान्त बनाउन विद्यालय समुदाय

वीच देखिएका द्वन्द्व तत्काल नै निरूपण गर्न विद्यालय प्रशासन जागरुक हुनु पर्दछ । विद्यालयको गतिविधिलाई अझ पारदर्शी बनाउन प्र.अ. ले विकेन्द्रीकरणको सिद्धान्त अपनाउनु पर्छ । साथै विद्यालय समुदाय सम्बन्धमा सामाजिक परीक्षणको प्रभावकारीतालाई अझ शसक्त र यसको कार्यन्वयन पक्षलाई प्रभावकारी बनाउनु पर्ने भएकोले यसमा विद्यालय व्यवस्थापन समिति सदैव सजग रहनु पर्ने देखिन्छ ।

### ५.३.३ अनुसन्धान तह

विद्यालय-समुदाय सम्बन्ध विकासमा सामाजिक परीक्षणको भूमीका विषयक शोधकार्यमा प्रस्तुत गरिएका विभिन्न प्रकारका शोध, अध्ययन तथा अनुसन्धानको निष्कर्षमा के भन्न सकिन्छ भने यस विषयसँग सम्बन्धित विभिन्न प्रकारका लेख रचना तथा साहित्यहरूको अध्ययनबाट प्राप्त निचोडलाई प्रस्तुत गरी यस शोध अध्ययनबाट आगामी दिनमा यस विषयसँग सम्बन्धित रही शोध कार्य गर्ने व्यक्ति तथा संघ संस्थालाई सामुदायिक विद्यालयको सामाजिक परीक्षणमा शि.अ.संघको भूमीकाले आगामी दिनमा यससँग सम्बन्धित नीति निर्माण तयार गर्ने संघ, संस्थालाई समेत उपयोगी हुने छ भन्ने आशा राखेको छु । साथै सामुदायिक विद्यालयको सामाजिक परीक्षणमा शि.अ.संघको भूमीका विषयक शोधकार्य गर्ने व्यक्तिहरूलाई भावी दिनमा यस शोध कार्यसँग सम्बन्धित निम्न लिखित शीर्षकमा अनुसन्धान गर्न सहयोग पुग्ने आशा गरिएको छ ।

क) प्रभावकारी संचार व्यवस्था कायम गरी विद्यालयको गतिविधिमा अभिभावकहरू सहभागि गराउने

ख) विद्यालयका सरोकारवालाहरू बीच विभिन्न विषयमा देखा परेका द्वन्द्वलाई समय मै समाधान गर्ने

ग) विद्यालयलाई विभिन्न किसिमका राजनितिक चलखेलबाट मुक्त राख्नु पर्ने ।

घ) शि.अ.सघंको नियमित वैठक बस्ने र सो वैठकमा आवश्यक सुझावहरू आदान प्रदान गर्ने ।

ङ) विभिन्न पक्ष जस्तै अभिभावक, शिक्षक, विद्यार्थीहरूसँग छुट्टा छुट्टै भेटी उनीहरूको जिज्ञासा र सुझावहरू संकलन गर्ने ।

## सन्दर्भ सामाग्रीहरू


जिल्ला शिक्षा कार्यालय, मोरङ् (२०६५), *सामाजिक लेखा परीक्षण निर्देशिका* : लेखक ।

वौद्धिक दर्पण (२०६५), *शिक्षा ऐन २०२८ शिक्षा नियमावली २०५९,* काठमाण्डौ : तेस्रौ संशोधन ।

शर्मा,चिञ्जीवी र शर्मा निर्मला (२०६५) *शैक्षिक विधि, भोटाहिटी,* काठमाण्डौ : लुम्विनी पुस्तक भण्डार ।

तामाङ्ग, गोविन्दमान (२०६७) *सामाजिक परीक्षणको कार्यान्वियनको अवस्था,* (एम.एड.को शोधसार) सुकुना बहुमुखी क्याम्पस, मोरङ ।

शर्मा, ओम प्रसाद (२०६१) *शैक्षिक समाचार,* सानोठिमी भक्तपुर शिक्षा विभाग ।

अधिकारी तोयानाथ (२०६६) *शिक्षाको परिचय,* विराटनगर, मोरङ : श्याम पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६४), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार भोटाहिटी ।

नेपाल सरकार शिक्षा तथा खेलकूद मन्त्रालय (२०६४), *गाँउ शिक्षा योजना तर्जुमा सहयोगी पुस्तिका,* भक्तपुर : शिक्षा विभाग, सानोठिमी ।

खड्का, शेरजंग (२०६२), *व्यवस्थापनका सिद्धान्तहरू,* काठमाण्डौ : निमा पुस्तक प्रकाशन ।

स्नातकोत्तर क्याम्पस (२०६३), *प्राज्ञिक अनुसन्धानात्मक जर्नल,* विराटनगर : लेखक ।

शिक्षा मन्त्रालय (२०५५), *उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन,* काठमाण्डौ, केशरमहल : लेखक ।

नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, (२०६३), *विद्यालयमा लेखा व्यवस्थापन,* काठमाण्डौं : केशरमहल ।

काफ्ले, वासुदेव र साथीहरू (२०६०) *शैक्षिक योजना,* काठमाण्डौ : भुँडीपुराण प्रकाशन, वागवजार ।

शिक्षक मासिक पत्रिका (२०६९ श्रावण) थापाथली, काठमाण्डौ : एकताबुक्स हाउस ।

कोइराला, सीताराम (२०६२), *शिक्षा प्रकाशनका आयामहरू,* काठमाण्डौ : सोपान मासिक डिल्लिबजार ।

खतिवडा, चैतन्य (२०६६) *विद्यालय सुधार योजना र प्राथमिक तहका विद्यार्थीहरूको सिकाइ उपलब्धी,* (एम.एड.को शोधपत्र) इन्द्रपुर, मोरङ ।

पौडेल (२०५५) *शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा,* काठमाण्डौ : साझा प्रकाशन ।

## विद्यालय-समुदाय सम्बन्ध विकासमा सामाजिक परीक्षणको भूमिका

## अनुसूचि-एक : प्रधानाध्यापकका लागि प्रश्नावली

**विद्यालयको नाम :** **प्र.अ.को नाम :**

तलका वहु-वैकल्पिक उत्तर मध्ये कुनै एकमा (√) चिन्ह लगाउनु होला र अन्य प्रश्नको उत्तर आफ्नै शैलीमा लेखी सहयोग गरिदिनु होला ।

१. सामाजिक परीक्षण सम्बन्धी तपाईको धारणा लेख्नुहोस् ?

....................................................................................................................

.......................................................................................................

२. सामाजिक परीक्षण समिति निर्माण भएको छ कि छैन ?

(क) छ (ख) छैन (ग) थाहा छैन

३. तपाईको विचारमा सामाजिक परीक्षणमा सहभागी पक्षहरू को को हुनु पर्छ ?

....................................................................................................................

...................................................................................................................

४. लेखा प्रणाली/शैली कस्तो हुनु पर्छ ?

(क) वैज्ञानिक (ख) परम्परागत (ग) सुधारिएको

५.तपाईको विद्यालयमा सामाजिक परीक्षण गराउनुहुन्छ ?

(क) गराउँछौं (ख) गराउदैनौं (ग) थाहा छैन

६. विद्यालय समुदाय सम्बन्ध बढाउन के गर्नु पर्छ ?

..........................................................................................................

...................................................................................................................

७. सामाजिक परिक्षण पछिको विद्यालय समुदायको सम्बन्ध कस्तो हुनुपर्छ ?

(क) सामान्य (ख) राम्रो (ग) उपयुक्त

८. सामाजिक परीक्षणबाट पारदर्शिता सम्भव छ ?

(क) सम्भव छ (ख) सम्भव छैन (ग) थाहा छैन

९.सामाजिक परीक्षणको उपयुक्त समय कहिले हो ?

(क) प्रत्येक महिनामा (ख) प्रत्येक चौमासिक पछि (ग) आ.व.को अन्तमा

१०. सामाजिक परीक्षणले पुऱ्याएको सहयोग/फाइदाहरू के के हुन् ?

.....................................................................................................................

.....................................................................................................................

११. सामाजिक परीक्षणका समस्याहरू के के हुन् ?

.....................................................................................................................

.....................................................................................................................

१२. सामाजिक परीक्षण प्रभावकारी वनाउने उपायहरू के के हुन् ?

.....................................................................................................................

.....................................................................................................................

## विद्यालय-समुदाय सम्बन्ध विकासमा सामाजिक परीक्षणको भूमिका

## अनुसूचि-दुई : विद्यालय वि.व्य.स. का लागि प्रश्नावली

**विद्यालय :** **नाम :**

तलका वहु-वैकल्पिक उत्तर मध्ये कुनै एकमा (√) चिन्ह लगाउनु होला र अन्य प्रश्नको उत्तर आफ्नै शैलीमा लेखी सहयोग गरि दिनु होला ।

१. सामाजिक परीक्षणको बारेमा तपाईलाई कतिको थाहा छ ?

(क) राम्रो थाहा छ (ख) आंशिक थाहा छ (ग) थाहा छैन

२.सामाजिक परीक्षण पछि प्र.अ.ले आम्दानी खर्चलाई सार्वजनिक गर्ने गरेको छ ?

(क) गरेको छ (ख) गरेको छैन (ग) आंशिक रूपमा (घ) थाहा छैन

३. तपाईको विद्यालयमा लेखा सम्बन्धी काम कसले गर्छ ?

(क) प्र.अ. (ख) लेखापाल (ग) शिक्षक (घ) वि.व्य.स.

४. सामाजिक परीक्षणबाट समुदायको सहभागिता वृद्धि सम्भव छ ?

(क) सम्भव छ (ख) सम्भव छैन (ग) आंशिक मात्र

५. सा.प. सार्वजनिक गर्ने दिन समुदायको सहभागिता हुन्छ ?

(क) आंशिक (ख) धेरै (ग) हुदैन (घ) जानकारी हुदैन

६. तपाईको विद्यालयमा सा.प. प्रतिवेदन प्र.अ. ले कार्यन्वयन गराउनु हुन्छ ?

(क) गराउनु हुन्न (ख) गराउनु हुन्छ (ग) आंशिक रूपमा मात्र

७. विद्यालय समुदायको सम्बन्ध बढाउन कसको भूमिका बढी हुनु पर्छ ?

(क) प्र.अ. को (ख) वि.व्य.स.

(ग) अभिभावक (घ) समुदाय

८. विद्यालय समुदाय सम्बन्ध बढाउन सामाजिक परीक्षण कस्तो हुनु पर्छ ।

(क) पारदर्शी (ख) कानुन बमोजिम (ख) थाहा छैन

९. सामाजिक परिक्षणमा देखिएको प्रमुख चुनौती के हो ?

(क) चेतनाको कमी (ख) प्रोत्साहनको अभाव

(ग) प्र.अ.को भूमिकाको कमी (घ) दक्ष जनशक्तिको अभाव

१०. विद्यालय समुदाय सम्बन्धमा देखिएका समस्या समाधानको उपाय के हो ?

(क) विकेन्द्रीकरण (ख) दक्ष प्र.अ.

(ग) अनुगमन (घ) दण्ड सजाय

११. तपाईको विचारमा सा.प.मा देखापरेका समस्याहरूलाई समधान गर्ने उपायहरू के के हुन सक्छन् ?

..........................................................................................................................

..........................................................................................................................

१२. सा.प.लाई प्रभावकारी वनाउन के के गर्नु पर्ला ?

..........................................................................................................................

..........................................................................................................................

## विद्यालय-समुदाय सम्बन्ध विकासमा सामाजिक परीक्षणको भूमिका

## अनुसूची-तीन : शिक्षकका लागि प्रश्नावली

**विद्यालय :** **नाम :**

तलका वहु-वैकल्पिक उत्तर मध्ये कुनै एकमा (√) चिन्ह लगाउनु होला र अन्य प्रश्नको उत्तर आफ्नै शैलीमा लेखी सहयोग गरि दिनु होला ।

१. तपाईलाई सामाजिक परीक्षणबारे थाहा छ ,

(क) आंशिक मात्र (ख) थाहा छैन (ग) राम्रो थाहा छ ।

२. समुदाय, सामाजिक परीक्षण पारदर्शी होस् भन्ने चाहन्छ ?

(क) चाहन्छ (ख) चासो राख्दैन (ग) चाहँदैन (घ) थाहा छैन

३. सामाजिक परीक्षण पछि जन सहभागिताको अवस्था कत्तिको छ ?

(क) धेरै (ख) थोरै (ग) सामान्य (घ) थाहा छैन

४. प्र.अ. ले आफ्नो कार्यकक्षमा सा.प. प्रतिवेदनको आम्दानी खर्चको विवरण राख्नुहुन्छ ?

(क) राख्नुहुन्छ (ख) राख्नुहुन्न (ग) थाहा छैन

५. विद्यालय-समुदाय सम्बन्ध विकासमा सामाजिक परीक्षणको भूमिका कस्तो हुन्छ ?

(क) धेरै (ख) आंशिक (ग) थोरै (घ) हुँदैन

६. विद्यालय-समुदाय सम्बन्ध विकासमा सामाजिक परीक्षणको भूमिकाको प्रभाव कस्तो छ ?

(क) आंशिक (ख) राम्रो (ग) राम्रो छैन (घ) थाहा छैन

७. विद्यालय समुदायको सम्बन्ध बढाउने उपाय के हो ?

(क) सा.प. लाई पारदर्शी गरेर (ख) प्र.अ.लागि परेर

(ग) थाहा छैन (घ) क र ख दुवै

८. सामाजिक परीक्षण एक आ.व.मा कति पटक हुनुपर्छ ?

(क) एक पटक (ख) दुइ पटक (ग) तीन पटक (घ) चार पटक

९. समुदायिक विद्यालयमा सा.प.का समस्याहरू के के हुन् ?

.................................................................................................................

.................................................................................................................

१०. सा.प.का समस्यालाई समाधान गर्न के के गर्नु पर्दछ ?

.................................................................................................................

.................................................................................................................

११. सा.प.लाई प्रभावकारी बनाउने उपायहरू के के हुन् ?

.................................................................................................................

.................................................................................................................

## विद्यालय-समुदाय सम्बन्ध विकासमा सामाजिक परीक्षणको भूमिका

## अनुसूची-चार : शिक्षक अभिभावक संघका अध्यक्षका लागि प्रश्नावली

**नाम :** **विद्यालय** :

तलका वहु-वैकल्पिक उत्तर मध्ये कुनै एकमा (√) चिन्ह लगाउनु होला र अन्य प्रश्नको उत्तर आफ्नै शैलीमा लेखी सहयोग गरि दिनु होला ।

१. सामाजिक परीक्षणबारे तपाईलाई थाहा छ ?

(क) आंशिक रूपमा (ख) राम्रो थाहा छ (ग) थाहा छैन

२. तपाईको विचारमा आय व्ययलाई पारदर्शी बनाउन यसको जिम्मेवारी कसलाई दिनु पर्छ ?

(क) प्र.अ.लाई (ख) वि.व्य.स. अध्यक्षलाई

(ग) शि.अ.संध अध्यक्षलाई (घ) शिक्षकलाई

३. सामाजिक परीक्षण पछि जनसहभागिताको अवस्था कस्तो हुन्छ ?

(क) पर्याप्त मात्रामा (ख) अलिअलि मात्र (ग) थाहा छैन

४. सामाजिक परीक्षण वर्षमा कति पटक हुनु पर्छ ?

(क) एक पटक (ख) दुंइ पटक (ग) तीन पटक (घ) चार पटक

५. तपाईको विद्यालयमा प्र.अ. ले सा.प. प्रतिवेदन कार्यन्वयन गर्छन्?

(क) गर्छ (ख) गर्दैन (ग) आंशिक रूपमा (घ) थाहा छैन

६. सामाजिक परीक्षण पछि आय व्ययको विवरण प्र.अ. ले आफ्नो कार्यकक्षमा राख्छन् ?

(क) राख्छ (ख) राख्दैन (ग) आंशिक रूपमा मात्र

७. विद्यालय-समुदाय सम्बन्ध विकासमा सामाजिक परीक्षणको भूमिका कस्तो हुन्छ ?

(क) धेरै (ख) आंशिक (ग) हुँदैन (घ थाहा छैन

८. विद्यालय समुदाय सम्बन्ध बढाउने उपाय के हो ?

(क) सा.प. प्रभावकारी बनाउनु (ख) प्र.अ. को भूमिका बढाउनु

(ग) शिक्षक अभिभावक संघको भूमिका बढाउनु (घ) थाहा छैन

९. विद्यालय समुदाय सम्बन्ध सुमधुर बनाउन सामाजिक परीक्षणको सक्रियता कस्तो हुनु पर्छ ?

(क) बढाउनु पर्छ (ख) घटाउनु पर्छ

(ग) आंशिक रूपमा रहनु पर्छ (घ) थाहा छैन

१०. सा.प.मा उत्पन्न समस्याहरू के के हुन् ?

..........................................................................................................................

..........................................................................................................................

११.सा.प. लाई प्रभावकारी बनाउने उपायहरू के के हुन् ?

..........................................................................................................................

..........................................................................................................................

## विद्यालय-समुदाय सम्बन्ध विकासमा सामाजिक परीक्षणको भूमिका

## अनुसूची-पाँच : अभिभावक र विद्यार्थीका लागि छलफलका लागि बुंदाहरू

१. समाजिक परीक्षणको परिचय ।

२. सामाजिक परीक्षण समितिमा संलग्न पक्षहरू ।

३. आर्थीक  पारदर्शीता ।

४. समाजिक परीक्षणको आवश्यक्ता ।

५. सामाजिक परीक्षणको उपयुक्त समय ।

६. विद्यालय-समुदाय सम्बन्ध विकासमा सामाजिक परीक्षणको भूमिका ।

७ सामाजिक परीक्षणका संलग्न तत्वहरू ।

८ सामाजिक परीक्षणका समस्याहरू ।

९. सामाजिक परीक्षण लाई प्रभावकारी बनाउने उपायहरू ।

# विद्यालय-समुदाय सम्बन्ध विकासमा सामाजिक परीक्षणको भूमिका

## अनुसूची-छ : नमूना विद्यालयको विवरण

| क.स. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री जनता उ.मा.वि. | वाहुनी |
| २ | श्री शिक्षा विकास मा.वि. | दलेली |
| ३ | श्री उ.मा.वि. | होक्लावारी |
| ४ | श्री सिद्धार्थ प्रा.वि . | होक्लावारी |
| ५ | किसान प्रा.वि | वाहुनी |
| ६ | धिरनाथ सम्फुल विश्वास उ.मा.वि. | डाँगीहाट |

# विद्यालय-समुदाय सम्बन्ध विकासमा सामाजिक परीक्षणको भूमिका

## अनुसूची-सातः नमूना जनसङ्ख्या विवरण

| क.स. | सहभागीहरू | संङ्ख्या |
|---|---|---|
| १ | प्र.अ. | ६ |
| २ | शिक्षक | ६ |
| ३ | विद्यार्थी | ६ |
| ४ | शिक्षक अभिभावक संघ | ६ |
| ५ | अभिभावक | ६ |
| ६ | वि.व्य.स. | ६ |